Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४०, २०८३ साल वैशाख २९ गते मंगलबार (May 12, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# थापाथलीमा डोजर

# सुकुमबासी भन्छन अन्याय भयो



काठमाडौ । नेपाल सरकारको सहयोगमा काठमाडौ महानगरपालिकाले काठमाडौको थापाथलीस्थित सुकुमबासीको नाममा रहेको वस्तीमा डोजर चलाएको छ । सयौ वर्षदेखि सुकुमबासीको नाममा सार्वजनिक जग्गा कब्जा गरेर घर, टहरा बनाई बसेकाहरुलाई हटाउन शुरु गरिएको छ । त्यस क्षेत्रवाट अस्त व्यस्त बनेका मानिसहरुलाई सरकारले सुकुमबासी र हुकुमबासी छुट्याउन लगत संकलन गरिरहेको छ भने घर, टहरा हटाउदा भएका सुकुमबासीहलाई दशरथ रंगशालामा अस्थाई क्याम्प निर्माण गरेर राखिएको छ ।

वास्ताविक सुकुमबसीहरुले भने, "सरकारले हामी सुकुमबासीहरुलाई अन्याय गरेको छ । वास्ताविक सुकुमबासीहरुको लगत संकलन गरेर मात्रै अलि समय दिएर हामीलाई हटाएको भए हुन्थ्यो तर एक्कासी हुकुमबासी र सुकुमबासी नछुट्याई घर, टहरा भत्काउदा दुखः गरेर कमाएर राखिएको खाद्यन्न लत्ता, कपडाहरु सवै भग्नावषेशमा परिणत भयो त्यसैले हामीलाई सरकारले अन्याय गरेको महसुस भएको छ ।" पीडित सुकुमबासीहरुको भनाई जस्ताको तस्तै ।

यता सरकार पक्षका मानिसहरु वा समर्थकहरु चै सुकुमबासीहरुको घर, टहरा भत्किएकोमा खुशी भएको देखिन्छ । जसको घर टहरा भत्कियो उनिहरु चै निक्कै दुखी देखिन्छन् ।

सरकारले थापाथली लगायत सुकुमबासीहरुलाई व्यवस्थापन गर्न डा. बाबुराम भट्टराईको सरकारको पालामा सुन्दरीघाट र सिनामंगल एरियामा अपार्टमेन्ट समेत बनाएको थियो केही सुकुमबासी वाहेक धेरैजति बागमती किनारमा नै बसोबास गरिरहेका थिए ।

अहिले सरकारले लगत संकलन गरेर ति सुन्दरीघाट र सिनामंगल एरियामा नै व्यवस्थापन गर्ने र नअटेमा अन्यत्र व्यवस्थापन गर्ने गरी तयारी गरीरहेको नेपाल सरररकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. बिक्रम तिमल्सिनाले बताएका छन् ।

## सांसदहरूको अनुपस्थिति र प्रधानमन्त्रीको भूमिकामाथि प्रश्न



काठमाडौं- हर्क साम्पाङले संसद्मा सांसदहरूको अनुपस्थिति र प्रधानमन्त्रीको भूमिकामाथि प्रश्न उठाएका छन् ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका साम्पाङले सदनमा आधाभन्दा बढी कुर्सी खाली देखिएको भन्दै सांसदहरू आफ्नो मूल जिम्मेवारीप्रति जिम्मेवार हुनुपर्ने बताएका हुन् ।

'आज पनि यहाँ आधा जति कुर्सीहरू खाली छन् । यो सदन आउन मन लाग्दा आउने, आउन मन नलाग्दा नआए पनि हुने हो वा के हो ? यो विषयमा सभामुखज्यूले विचार गर्नँहोला,' उनले भने ।

» बाकी ६ पृष्ठमा

## संसद्मा महावीर पुन : एक्लो माननीय भनेर हेला नगरियोस्

काठमाडौं- स्वतन्त्र सांसद महावीर पुनले संसद्मा बोल्न ५ मिनेट दिइएकोमा असन्तुष्टि जनाएका छन् ।

सभामुख डोलप्रसाद अर्यालले उनलाई आज ५ मिनेटको समय दिएका थिए । त्यसपछि रोस्टमबाट सांसद पुनले भने, 'म एक्लो माननीय भनेर हेला नगरियोस् । अरूले १०, १५, २०, ३० मिनेट पाउँदा मलाई ५ मिनेट नदिइयोस् ।'

पार्टीका सांसदभन्दा आफ्नो समर्थक धेरै रहेको उनले सभामुखलाई स्मरण गराए ।

'मेरो समर्थन धेरै छन् नेपालमा । म एक्लो छैन । सारा नेपालीले चिन्छन् । ५ मिनेट स्वीकार्य छैन,' उनले भने ।

त्यसपछि उनले आफू मन्त्री भएको

» बाकी ६ पृष्ठमा

## संसद्को मर्यादा र विधिको पालना गर्न प्रचण्डको सरकारलाई दोहोरो चेतावनी



**काठमाडौं–** नेकपाका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री बालेन शाहलाई संसद्को मर्यादापालन गर्न र संख्याको बलमा विधि नमिच्न मंगलबार कडा चेतावनी दिएका छन् । प्रतिनिधिसभा बैठकमा आफ्नो सम्बोधनमार्फत उनले सरकारको कार्यशैलीप्रति गम्भीर प्रश्न उठाउँदै लोकतान्त्रिक मूल्य र मान्यताको रक्षा गर्न आग्रह गरे ।

प्रचण्डले प्रधानमन्त्री शाहलाई संसद्को गरिमा र मर्यादाप्रति सचेत रहन अनुरोध गर्दै भने कि यदि प्रधानमन्त्रीले मर्यादापालनमा ध्यान नदिने हो भने संसद्को गरिमा कायम रहन सक्दैन । उनले नेपालको भू-राजनीतिक अवस्थितिलाई ध्यानमा राख्दै ठूलो विवेक र संयमको खाँचो रहेको बताए । "हाम्रो भू-राजनीतिक अवस्थितिले ठूलो विवेक र संयमको माग गर्दछ । संसद्को मर्यादा, गरिमा र भूमिकालाई सुदृढ गरेर मात्रै हामी अघि जान सक्छौं," उनले भने ।

सरकारले संसद् छलेर अध्यादेशमार्फत शासन चलाउन खोजेको विषयमा पनि प्रचण्डले कडा आपत्ति जनाए । आफैँले बोलाएको संसद् स्थगित गरी जनप्रतिनिधिहरूलाई बेवास्ता

» बाकी ६ पृष्ठमा

## अख्तियारभन्दा पहिले कारबाही गर्छ : गगन



सुर्खेत- नेपाली कांग्रेसका सभापति गगननकुमार थापाले पार्टीका जनप्रतिनिधि भ्रष्टाचारमा मुछिए अख्तियारको पर्खाइ नगरी आफैँले कारबाही गर्ने कडा चेतावनी दिएका छन् । साथै कर्णाली प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बन्ने संकेत पनि गरेका छन् ।

कर्णाली प्रदेशको सुर्खेतमा आयोजित प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेलामा बोल्दै उनले भने, "हाम्रा साथीहरू कुनै पनि

» बाकी ६ पृष्ठमा

## प्रधानमन्त्री हाम्रो पनि सम्पत्ति हुन्, स्वास्थ्य परीक्षण गरी संसद्लाई जानकारी गराइयोस् : आङ्देम्बे



काठमाडौं- प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्री बालेन शाहको स्वास्थ्य परीक्षण गरी अविलम्ब संसद्लाई जानकारी गराउन माग गर्दै सरकारको कार्यशैली र लोकतान्त्रिक मूल्यप्रतिको बेवास्तामाथि कडा प्रश्न उठाएका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा सभामुख डीपी अर्यालसँग समय माग गरेर बोल्दै आङ्देम्बेले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले सरकारकै नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा प्रधानमन्त्री शाहले बैठक बीचमै उठेर हिँडेको घटनालाई दुर्भाग्यपूर्ण र देश तथा संसद्को गरिमामाथि दाग लगाउने व्यवहारको रूपमा परिभाषित गरे ।

"प्रधानमन्त्रीले अहंकार र अमर्यादाहीन व्यवहार देखाउनु दुर्भाग्यपूर्ण हो । उहाँको व्यवहारले जनताको मन कुँडिएको छ, देशको शीर झुकेको छ," उनले भने ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहले स्वास्थ्य समस्याका कारण प्रधानमन्त्री बीचमै उठेर गएको भनी सामाजिक सञ्जालमा स्पष्टीकरण दिएका थिए, जुन केहीबेरमै हटाइएको थियो । यस विषयमा प्रश्न उठाउँदै

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४०,
२०८३ साल वैशाख २९ गते मंगलबार
12 MAY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# परराष्ट्रनीतिलाई साझा नीति बनाऔं ।

नेपालको परराष्ट्र नीतिमा राजनीतिक पार्टीहरू सरकारमा परिवर्तन भएसँगै नेपालको परराष्ट्र नीति पनि फेरिदै आफु अनुकुल बनाउदै नीति नियम समेत परिवर्तन गर्दै आईरहेका छन् । यस्तो अस्थिर परराष्ट्र नीतिले नेपालको राष्ट्रिय अखण्डता रक्षा गर्न बल पुग्दैन । त्यसैले नेपालको परराष्ट्र नीति सवै राजनीतिक पार्टीहरूको साझा एजेण्डाको रूपमा प्रस्तुत गर्ने र राष्ट्रलाई उन्नति प्रगती गर्न राष्ट्रको रक्षा गर्न सवै राजनीतिक पार्टीहरूले सामुहिक छलफल गरेर नेपालको परराष्ट्र नीति बनाउनुपर्छ ।

वर्तमान परवर्तनकारी सरकारले यो प्रस्ताव सवै राजनीतिक पार्टीहरूलाई आवह्न गर्नुपर्छ र प्रतिपक्षहरूले पनि आ-आफ्ना अनुभवहरू राष्ट्रको हितमा हुने विषयहरू उत्कृष्ट खालका योजनाहरू समावेश गर्न सहयोग गर्नुपर्छ ।

यसरी सवै मिले दिर्घकालीन रूपमा नेपालको परराष्ट्र नीति निर्माण गरेर नेपालको आगामी भविष्य कयौ वर्षसम्म विश्वमा सन्तुलनको रूपमा लैजान सकिन्छ । यसरी नेपालको परराष्ट्र नीतिलाई राजनीतिक पार्टीहरूले जस्तै सरकार पक्ष प्रतिपक्ष सरकारमा नभएका राजनीतिक दल सवैले आफ्नो धारणा अनुभव साझा रूपमा अगाडी लगेर राष्ट्रलाई बलियो कुटनैतिक राष्ट्रको रूपमा विकास गर्नपर्छ ।

यो भन्दा अगाडी परराष्ट्रवीदहरूले यस्तै विषयहरु उठाउदै आएका थिए । तर सरकारले त्यतापटी ध्यान दिन सकेको थिएन । अहिले वर्तमान सरकारले परराष्ट्र विज्ञहरूसँग छलफल गरेर समय सुहाउदो र दिर्धकालीन रूपमा देशको पक्षमा हुने गरी काम गर्न ढिलो गर्नुहुदैन ।

# अपेक्षाबमोजिम अघि बढेको सरकार



■ शंकरनाथ काफ्ले

नयाँ दलको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा करिब दुई तिहाइ सिट हासिल गर्नुलाई रास्वपाले पाएको सफलता भन्नुभन्दा रास्वपालाई जनताले गरेको विश्वास हो भन्ने शब्द प्रयोग गर्नु उपयुक्त हुनेछ ।

इतिहास बोकेका पुराना स्थापित राजनीतिक दलहरुलाई निकै सानो आकारमा खुम्च्याई राजनीतिक तिलस्मीको रुपमा उदाएको रास्वपा सरकारले तिलस्मीरुपमा नै समृद्धिको बाटो समाउनेछ भन्ने कुरामा विश्वास बढेको छ । घटनाक्रमहरुको कारण अब मुलुकले पक्कै राजनीतिक सुधार र त्यसमा स्थायित्व पाउनेछ भन्ने कुरामा विश्वास गर्ने प्रशस्तै आधारहरु स्थापित भइरहेका छन् ।

मन्त्रिमण्डल गठन भएकै दिन अर्थात् चैत्र १३ गते बसेको बालेन्द्र साह नेतृत्वको सरकारको पहिलो बैठकले ‘शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची’ प्रस्ताव पारित गरेर जनतामा सकारात्मक सन्देश प्रवाह गर्ने प्रयास गरेको थियो ।

कार्यसूचीमा प्रस्ताव गरिएका कैयौं विषय पहिले पनि उठेका थिए होलान्, कैयौं नयाँ होलान् तर पनि नयाँ सरकारले आगामी दिनलाई व्यवस्थित र विश्वसनीय ढंगले अगाडि बढाउने संकल्प लिएको मान्न सकिन्छ । यसबाट नेपाली जनता उत्साहित भएका छन् । हिजोका सरकारहरुले पनि यस्तै खाले घोषणा र प्रतिबद्धता त नगरेका होइनन् तर ती घोषणा र प्रतिबद्धता जनताको आँखामा छारो हाल्नको लागि मात्र आएका थिए ।

त्यो अवस्था आज दोहोरिँदैन भन्ने कुरामा आम जनता ढुक्क छन् । सरकारले शासकीय सुधारसम्बन्धी १०० कार्यसूची प्रस्ताव घोषणा गर्दै गर्दा उसले आफ्नो प्रतिबद्धतालाई विभिन्न शीर्षकमा वर्गीकरण गरेर सरलीकृत बनाउने प्रयास गरेको देखिन्छ ।

सरकारको पहिलो प्रतिबद्धताअन्तर्गत ‘साझा प्रतिबद्धता र समन्वय र जनविश्वास’ शीर्षक रहेको छ । यो शीर्षकमा विभिन्न ८ बुँदाको प्रतिबद्धता जाहेर गरेको देखिन्छ । दोस्रो शीर्षकमा ‘प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता’ को विषय उठान गरेको छ । यसमा विभिन्न ११ वटा बुँदाहरु रहेका छन् ।

त्यस्तै सरकारले ‘सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्था’ सम्बन्धमा विभिन्न ८ वटा बुँदाहरु उल्लेख गरेको छ भने ‘डिजिटल शासन र डेटा गभर्नेन्स तथा सञ्चार’ शीर्षकमा विभिन्न १५ वटा बुँदाहरु उल्लेख गरेको छ । नयाँ सरकारले ‘सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण’ विषयमा विभिन्न ५ वटा बुँदाहरु उल्लेख गरेको छ भने उसले ‘सार्वजनिक खरिद र परियोजना व्यवस्थापन सुधार’ शीर्षकमा विभिन्न ५ वटा प्रतिबद्धता बुँदाहरु प्रस्ताव गरेको छ ।

जनतामा नयाँ दल र नयाँ सरकारप्रति देखिएको प्रबल विश्वास कायम राख्नको लागि उसले ‘लगानी, उद्योग, निजी क्षेत्र प्रवर्द्धन तथा पर्यटन’ शीर्षकमा विभिन्न २१ वटा बुँदाहरु प्रस्तुत गरेको छ भने ‘ऊर्जा तथा जलस्रोत’ शीर्षकमा विभिन्न ४ बटा बुँदा प्रतिबद्धतास्वरुप उल्लेख गरेको छ । त्यस्तै सरकारले ‘राजस्व सुधार’ शीर्षकमा विभिन्न ७ वटा बुँदाहरु उल्लेख गरेको छ भने ‘स्वास्थ्य शिक्षा र मानव विकास’ शीर्षकमा विविध ५ बुँदाहरु उल्लेख गरेको छ ।

सरकारले आफ्नो कार्यसूचीलाई १०० अंक पुऱ्याउने उद्देश्यले ‘कृषि, भूमि, पूर्वाधार र आधारभूत सेवा’ शीर्षकमा विभिन्न ३ वटा बुँदा उल्लेख गर्दै ‘अन्य रणनीतिक तथा सामाजिक सुरक्षासम्बन्धी निर्णयहरु’ शीर्षकमा विभिन्न ८ वटा प्रतिबद्धताका बुँदाहरुलाई सार्वजनिक गरेको छ । प्रतिबद्धतास्वरुप प्रस्तुत गरिएका एक सय बुँदाहरुमध्ये केही शीर्षकमा सरकारले आफ्नो कार्य तीव्ररुपमा अघि बढाइसकेको पनि देखिन्छ ।

सरकारले प्रस्ताव गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ३ को प्रतिबद्धता पूरा गर्न उसले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटै राजनीतिक दलका घोषणापत्र, बाचापत्र तथा प्रतिबद्धतालाई स्वामित्वमा लिँदै १८ बुँदे राष्ट्रिय प्रतिबद्धता घोषणा गरेको छ । करिब दुई तिहाइ शक्ति आर्जन गरेको एउटा राजनीतिक दलले अन्य साना दलका भावनाहरुलाई समेत समेटेर राष्ट्रिय प्रतिबद्धता घोषणा गर्न सक्नु भनेको सरकार कति जिम्मेवार छ भन्ने कुराको पुष्टि पनि हो । निषेधको राजनीति गर्ने हाम्रो हिजोको राजनीतिक संस्कारलाई चिर्दै बालेन सरकारले सहमति र सहकार्यको नीतिअनुसार अघि बढ्ने प्रयास गर्नु भनेको सम्पूर्ण जनताप्रति गरिएको अगाध सम्मान हो भन्ने स्वीकार गर्नुपर्छ । यसमा विपक्षी दलहरुले पनि रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । अन्यथा बचेको अस्तित्वमा पनि धमिरो नलाग्ला भन्न सकिन्न ।

भुल्नुहुँदैन, जेन्जी आन्दोलनको प्रमुख माग भनेको ‘भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्नु’ भन्ने नै थियो । त्यसलाई सम्बोधन गर्ने उद्देश्यले नै यो प्रतिबद्धता आएको हो । सरकारले यो प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम र बजेट सुधार एजेन्डासँग आबद्ध गर्ने संकल्प लिनु स्वागतयोग्य छ ।

यसका लागि उदारतापूर्वक विपक्षी दलहरुको सुझावसमेत मागिएको थियो । सरकारले राष्ट्रिय प्रतिबद्धतास्वरुप घोषणा गरेको १८ बुँदामा विशेषतः आर्थिक क्षेत्रमा स्थायित्व सुधार गर्ने अर्थात् ५ वर्षमा आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउने तथा प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

त्यस्तै कृषि पेसाको सम्मान र आत्मनिर्भरतासम्बन्धी प्रतिबद्धता, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी प्रतिबद्धता, खानी तथा खनिजसम्बन्धी प्रतिबद्धता, पूर्वाधार विकाससम्बन्धी प्रतिबद्धता, समृद्धिको आधार रोजगारी यसमा ५ वर्षमा १५ लाख रोजगारी सृजना गर्नेसम्बन्धी प्रतिबद्धता, शिक्षा तथा स्वास्थ्यसम्बन्धी प्रतिबद्धता, वन, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धता, प्रशासन तथा भ्रष्टाचार नियन्त्रण जसमा वि.सं. २०४८ पछि सार्वजनिक पदमा आसीन व्यक्तिहरुको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्ने प्रतिबद्धता रहेका छन् ।

यस्तै प्रशासनिक सुधार तथा सेवा प्रवाहसम्वन्धी प्रतिबद्धता, विद्युतीय सुशासन तथा प्रविधिसम्बन्धी प्रतिबद्धता, सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी प्रतिबद्धता, अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्धसम्बन्धी प्रतिबद्धता, खेदकुद विकाससम्बन्धी प्रतिबद्धता, विपद् व्यवस्थापनसम्बन्धी प्रतिबद्धता र सहकारी तथा लघुवित्त सुधारसम्बन्धी प्रतिबद्धता जाहेर गरेको छ । यी प्रतिबद्धताहरुको कार्यान्वयनपछि मुलुकमा राजनीतिक दलहरुप्रतिको विश्वसनीयता बढ्दै जाने कुरामा निश्चिन्त हुन सकिन्छ ।

घोषित प्रतिबद्धताहरुमध्ये कैयौं प्रतिबद्धता पूरा भइसकेका र कैयौं कार्यान्वयनको चरणमा रहेका देखिन्छन् । प्रस्तावित कार्यसूची र प्रतिबद्धताहरुले मुलुकलाई सही दिशातर्फ उन्मुख गराउने विश्वास गर्न सकिन्छ । वर्तमान सरकार गठन हुनुअघिको हाम्रो प्रशासनिक सेवा र आजको प्रशासनिक सेवामा आएको सुधारको परिवर्तनले मुलुकमा उज्यालोको संकेत प्रदान गरिसकेको छ ।

सरकारले सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्च पदस्थ कर्मचारीहरुको सम्पत्ति विवरण संकलन गर्न र छानबिन गर्न उच्चस्तरीय सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गरिसकेको छ । यसअघि संघीय संसद्को गठन भए पनि लामो समयसम्म समितिहरु गठन नहुने, समितिहरु गठन भएपछि पनि लामो समयसम्म त्यसले नेतृत्व नपाउने गरेको कारण संसदीय गतिविधिको चाल निकै सुस्त र निराशाजनक हुने गर्दथ्यो ।

यसपटक पहिलो चरणमा नै संसदीय समितिहरु गठन भई समितिहरुले नेतृत्वसमेत पाइसकेको कारण संसद्ले आफ्नो गरिमा फर्काउन सफल भएको छ । यसको लागि सुधार गर्नु बाँकी कैयौं कुराहरुमा पनि सरकारको ध्यान जानेछ भन्ने कुरामा विश्वास जागेको छ ।

घोषणा र प्रतिबद्धता कागजमा मात्र सीमित भयो भने निराशा छाउँछ भनेर सरकारले टाइमलाइनसहित कार्यसूची अघि बढाएको छ । भुल्नुहुँदैन, सरकारले गरेको प्रतिबद्धताले जनतामा पक्कै विश्वास बढाउँछ तर कार्यान्वयन गरिएन भने उत्तिकै निराशा पनि । सरकारले आफ्नो प्रतिबद्धताबमोजिमको काम गर्नको लागि पक्कै पनि उचित वातावरणको आवश्यकता पर्दछ । त्यसको लागि शान्ति र विश्वास सबैभन्दा ठूलो वातावरण हो ।

अविश्वासले अशान्त जन्माउँछ । अतः शान्त वातावरण हुन सकेन भने मुलुकमा द्वन्द्व बढ्छ । द्वन्द्व बढ्यो भने सरकारको सम्पूर्ण शक्ति द्वन्द्व व्यवस्थापनमा लगाउनुपर्ने हुन्छ । हिजोका दिनमा कैयौं सरकारहरुले जनताको ध्यान आफ्नो प्रतिबद्धताबाट बाहिर पठाउनको लागि आफैं विभिन्न द्वन्द्वहरु सृजना गर्ने गर्दथे र पछि त्यही द्वन्द्व व्यवस्थापन गर्नमा आफूलाई लगाइरहन्थे । जसको कारण उनीहरु आफ्नो मूल प्रतिबद्धताबाट बाहिर पुग्ने गर्दथे ।

त्यो घटना अब दोहोरिन दिनुहुँदैन ।सरकारले जनअपेक्षाअनुसार धेरै काम गर्नुपर्छ । कैयौं कार्य गर्दा जोखिमको पनि सामना गर्नुपर्ने हुन्छ । पक्कै पनि गहिरो खिल निकाल्नको लागि केही कष्ट त सहनु नै पर्ने हुन्छ । सरकार अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न र वास्तविक सुकुम्बासीहरुलाई उचित संरक्षण गर्ने अभियानमा जुटेको छ ।

हिजो राजनीतिमा विभिन्न संक्रमण भएकै थियो, त्यसको उचित निदान गर्न सक्नु सरकारको सक्षमताको मापन हुने भएको छ । हिजो प्रायः प्रत्येक पक्ष र क्षेत्र राजनीतिको स्वार्थमा जकडिएको थियो, त्यसलाई सुधार गरेर सरकार जनताको हो भन्ने विश्वास दिलाउन सक्नुपर्छ । कामको गति बढाउनको लागि अध्यादेशहरु जारी गर्नु, न्यायपालिकाको विश्वसनीयता वृद्धिको लागि परम्पराको जालो तोड्नु यो सरकारको विशेषता बनेको छ ।

यद्यपि सरकारको अगाडि थुप्रै चुनौतीहरु परीक्षाको रुपमा उभिएका छन् । उसले भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउनु छ । पीडित जनतालाई न्याय दिलाउनु पनि छ । कार्य गर्दा कुनै पनि खाले पूर्वाग्रहको छनक दिनु पनि भएको छैन । कुनै पनि घटना जन्माएर जनताको विश्वास र भरोसा कुनै पनि हालतमा डगमगाउन दिनुहुँदैन । जेन्जी आन्दोलनमा शहीद भएका व्यक्तिहरु तथा घाइतेहरुलाई पनि न्याय दिनु सरकारको कर्तव्य बनेको छ । त्यो कर्तव्य पूरा गर्दै गर्दा संयमता र सावधानी अपनाउन चुक्नुहुँदैन ।

जनताले लामो समयदेखि आफूलाई आहुति दिएर प्राप्त गरेका लोकतान्त्रिक उपलब्धिहरुलाई कुनै पनि बहानामा हरण गर्ने कार्य गर्नुहुँदैन । हिजो हरेक क्षेत्रमा राजनीतीकरण भएको कारण कैयौं क्षेत्रले आफ्नो विश्वास गुमाउन पुगेको थियो । राज्यले लगानी गरेको शिक्षा तथा निजामती प्रशासनमा समेत राजनीति बढेकोले मुलुकले बेथितिको चरम उत्कर्ष भोग्नुपरिरहेको थियो ।

हुँदा-हुँदा सबैले सम्मानको दृष्टिले हेरिरहेको स्वतन्त्र र निष्पक्ष न्यायपालिकामा समेत राजनीतिको छाया पऱ्यो भन्ने भाष्यले मुलुक अप्ठेरो भिरालोतिर भासिँदै गरेको विश्लेषण गरियो । यस्ता पक्षमा समेत वर्तमान सरकारले सुधारको अभियान अघि बढाउनुपर्ने भएको छ । बालेन्द्र सरकारले आजसम्म चालेका हरेक अभियान दूरगामी प्रभाव राख्ने खालका देखिएका छन् । तसर्थ सरकारप्रति जनतामा भरोसाको पारो तीव्ररुपमा बढेको छ ।

**(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ ।)**

# रास्वपा सांसद खरेलको चुनौती– म माथिको आरोप प्रमाणित भए राजनीतिबाट बिदाँ लिन्छु

काठमाडौँ- रास्वपा सांसद जगदीश खरेलले आफूविरुद्ध लगाइएका आरोप पुष्टि गर्न चुनौती दिएका छन् ।

सोमबार प्रतिनिधिसभा बैठकमा आकस्मिक समय लिएर बोल्ने क्रममा सांसद खरेलले आफूविरुद्ध स्मार्ट टेलिकमको ३० अर्ब ठगी प्रकरणमा जोडिएको भन्दै भ्रामक समाचारहरू प्रकाशित भएको जिकिर गरे ।

उनले स्मार्ट टेलिकमको प्रकरणमा जोडिएर आफूले एउटा बैठक, फाइल पारित गर्ने कुनै काम नगरेको पनि जिकिर गरे ।

'स्मार्ट टेलिकमको ३० अर्ब ठगी प्रकरणमा मलाई जोडेर सुटुक्क स्वीट्जरल्याण्ड भागे भनेर लेखिएको समाचार यति निरर्थक, भ्रामक र सी ग्रेडको पत्रकारिता पनि भन्न



नसुहाउने हिसाबमा जसरी समाचार प्रकाशित गरियो,' खरेलले भने, 'यसले मेरो मान, सम्मान, इज्जत, राजनीतिक जीवन, समग्र संसद् र मेरो पार्टीभित्र अपमान गरेको महसुस गरेको छ । यो संसद्मा रेकर्ड रहोस् भनेर यसको खेद र भर्त्सना गर्न चाहन्छु ।'

उनले थप चुनौती दिँदै भने, 'म खुला रुपमा चुनौती दिन चाहन्छु कि यो प्रमाणित गर, प्रमाणित गर्न सक्दैनौं भने पत्रकारिताको जीवनबाट पत्रिका बन्द गर्न सक्ने हिम्मत छ ?'

यदी आफू उक्त प्रकरणमा जोडिएको प्रमाणित भए सिंगो राजनीतिक जीवनबाट बिदा लिने पनि उनले घोषणा गरे ।

'म चुनौती दिन चाहन्छु, स्मार्ट टेलिकम प्रकरणमा मैले एउटा मिटिङ, फाइल पारित गर्ने, मन्त्रालय वा सम्बद्ध कुनै निकायसँग एउटा बैठक मात्रै गरेको रहेछु भने मैले मेरो राजनीतिक जीवनबाट सधैं बिदा लिन चाहन्छु,' उनले भने ।

# मानव अधिकार आयोगको ध्यानाकर्षण– संक्रमणकालीन न्यायमा पीडितलाई प्राथमिकतामा राख्नू

काठमाडौँ- राष्ट्रिय मानव अधिकार आयोगले संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने कामलाई प्राथमिकता दिन सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले सरकारलाई १० पेज लामो नोट पठाएर संक्रमणकालीन न्यायको विषयलाई प्राथमिकतामा राखेर टुंगोमा पुऱ्याउनु भनेको हो ।

आयोगले गत शुक्रबार 'सरकारले प्राथमिकता दिनुपर्ने मानव अधिकारका विषयहरू' भनी सरकारलाई १० पेज लामो नोट पठाएको थियो । उक्त नोटमा संक्रमणकालीन न्यायको विषय प्राथमिकताका साथ समावेश छ ।

आयोगले पीडितहरूसँगको परामर्श र सहमतिमा संक्रमणकालीन न्यायिक प्रक्रियालाई पीडितमैत्री बनाउन भनेको छ । त्यसका हरेक चरणमा पीडितहरूलाई संलग्न लगाउन सुझाव दिएको हो ।

नेपालमा अहिलेसम्म संक्रमणकालीन न्याय टुंग्याउन बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई मात्रै बुझ्ने गरिएको भन्दै आयोगले त्यसबाहेक संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, सर्वोच्च अदालतका विगतका नजीर र संयुक्त राष्ट्रसंघीय मापदण्डलाई पनि ख्याल गर्न भनेको छ ।

नेपालमा अहिलेसम्म पनि संक्रमणकालीन न्यायलाई फौजदारी न्यायिक दृष्टिकोणबाट हेरिएको र त्यसले मात्रै प्राथमिकता पाएको टिप्पणी सहित आयोगले गैर न्यायिक दृष्टिकोणलाई पनि प्राथमिकता दिन सुझाएको हो ।

फौजदारी न्यायिक दृष्टिमा घटनामा संलग्न व्यक्तिहरूको पहिचान, उनीहरूको भूमिका एवं प्रमाण लगायत फौजदारी न्यायका कारबाही जोडिन्छन् । आयोगले तिनको साटो गैरन्यायिक प्रक्रिया भनी परिपूरण क्षतिपूर्ति, पुनर्स्थापना जस्ता विषयमा जोड दिएको हो ।

आयोगले आफ्नो सुझावबारे भनेको छ, 'संक्रमणकालिन न्यायको प्रकृयालाई निष्कर्षमा पुऱ्याउन न्यायिक र गैर न्यायिक दुवै प्रक्रिया अवलम्बन गर्न गरी सो सम्बन्धि कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।'

आयोगले संक्रमणकालीन न्यायिक प्रक्रियामा पीडितलाई सहज पहुँच दिन, पीडितको संख्याका आधारमा मुकाम स्थापना गरी पहुँच स्थापित गराउन र यौनसिंहका पीडितहरूसम्म आयोगको पहुँच सुनिश्चित गर्न भनेको हो । आयोगले पीडितको उजुरीमा भएको प्रगतिबारे अद्यावधिक सूचना पाउने प्रणाली पनि विकास गर्नं भनेको छ ।

सत्य, न्याय र परिपूरणबीचको सन्तुलनबाट मात्रै संक्रमणकालीन न्याय अघि बढ्नसक्ने भन्दै आयोगले संक्रमणकालीन न्यायलाई राजनीतिक सौदाबाजि बाहिर राख्न भनेको हो । आयोगले गम्भीर मानव अधिकार उल्लंघनका दोषीलाई कारबाहीको सुनिश्चितता गर्नंपर्ने भनेको छ ।

आयोगले पीडित परिवारलाई शिक्षा, स्वास्थ्य, जीविकोपार्जन लगायतका परि पूरण गर्न भनेको छ । अनि मृतक र बेपत्ता परिवारको सम्झनामा स्मारक निर्माण लगायतका काम गर्न भनेको छ । संक्रमणकालीन न्यायका कतिपय विषयवस्तुमा प्रदेश र स्थानीय सरकार पनि जोडिने भन्दै आयोगले तिनलाई समेत भूमिका दिएर परिपूरणको अधिकार सुनिश्चित गर्न भनेको हो ।

आयोगले सरकारलाई पठाएको १० पेज लामो नोटमा भनिएको छ, 'विस्तृत शान्ति सम्झौताको करिब दुई दशक पूरा हुन लागेपनि सबै पीडितको पहिचान हुन नसकेको हुँदा सबै पीडितको पहिचान अभिलेखीकरण र पञ्जीकरणको काम तत्काल अघि बढाई पीडितको पहिचान गरी उनीहरूको परिपूरणसम्बन्धी अधिकारको सुनिश्चित गर्नंपर्ने ।'

संक्रमणकालीन न्यायको वैधताको प्रमुख आधार पीडितहरू रहेको भन्दै आयोगले उनीहरूलाई प्रथमिकता दिएर काम अघि बढाउन भनेको हो । आयोगले पठाएको नोटमा भनिएको छ, 'यस प्रक्रियामा पीडितहरूको विविधतालाई समेटी उनीहरूको अर्थपूर्ण परामर्श, सहभागिता र प्रतिनिधित्वको सुनिश्चित गर्न गराउनुपर्ने ।'

विभिन्न सरकारहरूले तीन दशकको अवधिमा संक्रमणकालीन न्यायको प्रक्रिया टुंग्याउन तीनवटा आयोग गठन गरेपनि कुनैले पनि काम सम्पन्न गर्न सकेनन् । यसअघिका दुई आयोग आफ्नो काम गर्न नसकेर पदावधि सकिएको थियो भने पछिल्लो आयोगहरूप्रति पीडितहरूले प्रश्न उठाएका थिए ।

सरकारले अघिल्लो साता अध्यादेशमार्फत दुवै आयोगका पदाधिकारीहरूलाई पदमुक्त गरेको छ । तर, नयाँ आयोग गठन प्रक्रिया शुरु हुन सकेको छैन । आयोगका नयाँ पदाधिकारीहरू नियुक्त भएपछि मात्रै संक्रमणकालीन न्यायका प्रक्रियाहरू अघि बढ्ने देखिन्छ ।




## मानवअधिकार आयोगले भन्यो
## सुकुमवासीलाई भत्काइएका घर टहराको क्षतिपूर्ति दिनू

**काठमाडौँ–** राष्ट्रिय मानव अधिकार आयोगले सुकुमवासी बस्तीका घर टहरा भत्काउँदा भएको क्षतिको मुल्यांकन गरेर क्षतिपूर्ति दिन निर्देशन दिएको छ । काठमाडौंमा हटाइएका बस्ती र होल्डिङ सेन्टरको स्थलगत अनुगमनपछि तयार पारेको प्रतिवेदन सोमबार सरकारलाई बुझाउँदै यस्तो निर्देशन दिएको हो ।

प्रतिवेदनमा भत्काइएका संरचनाको क्षतिपूर्ति दिन र बसोवासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सरकारी स्वामित्वको जग्गा खाली गराउन भनिएको छ ।

आयोगको प्रतिवेदनमा होल्डिङ सेन्टर रहेका व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउन र बालबालिकाको गुणतस्रीय शिक्षा तत्थकाल पठनपाठनको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

त्यस्तै, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, गर्भवती, सुत्केरीहरूलाई विशेष प्राथमिकताका साथ सुरक्षित स्थानमा राख्न र पोषणयुक्त खाना नियमित उपलब्ध गराउन र लैङ्गिकसंवेदनशील विषयलाई सम्बोधन गर्न निर्देशन दिइएको छ ।

आयोगका पाँच वटा अनुगमन टोलीले वैशाख १२, १३, १४, १७ र २१ गते काठमाडौंका विभिन्न स्थानमा अनुगमनपछि प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको हो ।

# नेपाल–भारत पारस्परिक सहायता सम्झौता संसद्मा पेस

काठमाडौँ- प्रतिनिधिसभामा नेपाल सरकार र भारत सरकारबीच भएको फौजदारी विषयमा पारस्परिक कानुनी सहायता सम्बन्धी सम्झौता पेस भएको छ ।

बुधबार बसेको प्रतिनिधिसभाको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले पेस गरेकी हुन् ।

सम्झौता संसद्मा पेस गर्दै मन्त्री गौतमले यो सम्झौतापछि भ्रष्टाचार गरी अर्को मुलुकमा लुकाएको सम्पत्ति फिर्ता ल्याउने लगायत कार्यमा सहज हुने बताइन् ।

अपराधीलाई सजाय दिन र अपराधबाट कमाएको सम्पति फिर्ता ल्याउन सहज हुने बताएकी हुन् । यसले सम्पति शुद्धीकरणको कार्यमा समेत सहयोग पुऱ्याउने उनले बताइन् ।

## रामेछाप डायरी

# मन्थली माविमा भर्ना शुल्क असुलीको गुनासो



रामेछाप- रामेछापको मन्थली नगरपालिका-१ स्थित मन्थली माध्यमिक विद्यालयले विद्यार्थी भर्नाका क्रममा शुल्क लिएको तथा शुल्क बुझाएपछि रसिदसमेत नदिएको भन्दै अभिभावकहरूले गुनासो गरेका छन् ।

सरकारले कुनै पनि बाहानामा विद्यार्थीसँग शुल्क लिन नमिल्ने भने पनि सो विद्यालयले अभिभावकहरुसँग सहयोग भन्दै शुल्क असुलिरहेको छ । अभिभावकका अनुसार विद्यालयले विभिन्न शीर्षकमा रकम माग गर्दै विद्यार्थी भर्ना गरेको भए पनि शुल्क बुझाएको आधिकारिक रसिद उपलब्ध नगराएको आरोप लगाएका हुन् । केही अभिभावकले आर्थिक अवस्था कमजोर हुँदा पनि बाध्य भएर रकम तिर्नुपरेको बताएका छन् ।

सरकारले सामुदायिक विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था लागू गरेको अवस्थामा विद्यालयले शुल्क उठाएको विषयप्रति अभिभावकहरूले असन्तुष्टि जनाएका छन् । केही अभिभावकहरुले विद्यालयले भर्ना शुल्क लिएर पनि रसिद नदिएको भन्दै समाजिक संजालमा समेत असन्तुष्टि व्यक्त गरेका छन ।

विद्यालयका प्रधानाध्यपक टंक प्रसाद दाहालले कुनै पनि बाहानामा अभिभावकसँग शुल्क नलिएको दावि गर्नुभयो । उहाँले शनिबार अभिभावक भेला बोलाएको भन्दै अभिभावकहरूले उठाएका गुनासोबारे थप बुझ्ने र आवश्यक छानबिन गर्ने बताउनुभयो ।

नेपालको शिक्षा ऐन, २०२८ को दफा १६घ अनुसार "नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन" भन्ने स्पष्ट व्यवस्था रहेको छ।

यस्तै, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले पनि आधारभूत तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरेको छ। तर व्यवहारमा भने धेरै सामुदायिक विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क उठाइरहेको विषय पटक-पटक सार्वजनिक हुँदै आएको छ ।

# प्रधानन्यायाधीश सिफारिस कार्यक्षमताका आधारमा गरिएको हो : उपसभामुख ठाकुर



**काठमाडौँ–** प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरले प्रधानन्यायाधीश सिफारिस कार्यक्षमताका आधारमा गरिएको दाबी गरेकी छन् । शनिबार फेसबुकमार्फत प्रतिक्रिया दिँदै उनले यसमा कुनै किन्तु-परन्तुको आवश्यकता नभएको प्रतिक्रिया दिएकी छन् ।

'न्याय प्रणालीबारे धेरै समयदेखि जनता गुनासो गर्दै आइरहेका छन्-हाम्रो मुद्दा यति वर्ष लगाइयो, उति वर्ष लगाइयो भनेर,' उपसभामुख ठाकुरले भनेकी छन्, 'एउटा मुद्दाको फैसला हुन अत्यधिक समय लाग्नु न्याय प्रणालीका लागि गम्भीर विषय हो ।'

जब नियुक्ति कार्यक्षमता र योग्यताको आधारमा नभई दल वा पार्टीको आधारमा हुन्छ, त्यसको परिणाम पनि त्यस्तै देखिन थाल्ने उनले टिप्पणी गरेकी छन् ।

'प्रधानन्यायाधीश नियुक्ति कार्यक्षमता मूल्यांकनका आधारमा गरिएको छ । यसमा कुनै किन्तु-परन्तुको आवश्यकता छैन,' उनले लेखेकी छन् ।

राज्यका हरेक अंग देश, जनता र राज्यको हितका लागि हुनुपर्ने उनले अगाडि बताएकी छन् । उनले अगाडि भनेकी छन्, 'यहाँ कसैको आदेश-उपदेशभन्दा पनि संविधान, कानुन र जनहित सर्वोपरि हुन आवश्यक छ । निष्पक्ष, सक्षम र जिम्मेवार न्याय प्रणाली नै लोकतन्त्रको वास्तविक आधार हो ।'

उनले आफ्नो स्टाटससँगै प्रधानन्यायाधीशका उम्मेदवार न्यायाधीशबारे च्याट जीपीटीले तयार पारेको टिप्पणीलाई स्क्रीनसट पनि राखेकी छन् ।

# गरिमा विकास बैंक ‘बेस्ट म्यानेज्ड डेभेलपमेन्ट बैंक २०२६’ बाट सम्मानित

बैशाख २५- गरिमा विकास बैंक लिमिटेडले “बेस्ट म्यानेज्ड डेभेलपमेन्ट बैंक २०२६“ को उपाधि हासिल गरेको छ ।

न्यू बिजनेस एज लिमिटेडद्वारा शुक्रबार काठमाडौंमा आयोजित न्यूबिज कन्क्लेभ एण्ड बिजनेस एक्सिलेन्स अवार्डसको दशौं संस्करणमा बैंकलाई यो प्रतिष्ठित सम्मान प्रदान गरिएको हो । माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त समारोहमा आयोजकको तर्फबाट बैंकलाई अवार्ड हस्तान्तरण गरिएको थियो ।




यस उपाधिले ग्राहकहरूलाई निरन्तर सरल, सुरक्षित, गुणस्तरीय एवं प्रविधिमैत्री सेवा प्रदान गर्ने बैंकको प्रतिबद्धतालाई थप बल पुगेको बैंकले जनाएको छ ।

यो पहिलो पटक होइन – गरिमा विकास बैंक यसअघि पनि भारतीय चेम्बर अफ कमर्शद्वारा अगस्त २०२५ मा आयोजित इमर्जिङ एसिया बैंकिङ अवार्डमा “बेस्ट बैंक“ लगायत अन्य विधामा पुरस्कृत भइसकेको छ । यस्तै, कर्पोरेट क्लब नेपालले फेब्रुअरी २०२५ मा आयोजित अवार्ड समारोहबाट पनि बैंक सम्मानित भएको थियो ।

हाल बैंकले देशभर १२६ शाखा कार्यालय र ५१ एटिएम मार्फत, साथै आधुनिक डिजिटल बैंकिङ सेवाको माध्यमबाट करिब ९ लाख ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

# प्रिपेड ई–सिम घरबाटै अनलाइनमार्फत लिन सकिने




काठमाडौं- नेपाल टेलिकमको नयाँ प्रिपेड ई-सिम अब अनलाइनबाटै लिन सकिने भएको छ । यस सुविधाले गर्दा ई-सिम लिन नेपाल टेलिकमको कार्यालयमा व्यक्ति स्वयं उपस्थित हुनुपर्ने बाध्यता अब हटेको छ ।

**कसरी लिने ई–सिम ?**

नयाँ प्रिपेड ई-सिम लिन चाहने ग्राहकले लतअ.लभत.लउ मा लगइन गरी “न्भत ल्भध एचभउबष्म भक्ष्“ विकल्पमा क्लिक गर्नुपर्नेछ । त्यसपछि दिइएको निर्देशन अनुसार रजिष्ट्रेसन गरी आवश्यक विवरण भर्नु पर्नेछ । विभिन्न वालेट तथा क्यूआर कोडमार्फत भुक्तानी गरेपछि ई-सिमको क्यूआर कोड प्राप्त हुनेछ, जसलाई मोबाइलको सेटिङमार्फत स्क्यान गरेर ई-सिम सक्रिय गर्न सकिन्छ ।

**अन्य सुविधाहरू पनि उपलब्ध**

यो सुविधा नयाँ मात्र होइन – यसअघि नै प्रयोगमा रहेको फिजिकल सिमलाई अनलाइनमार्फत ई-सिममा रूपान्तरण गर्न सकिने सुविधा पहिलेदेखि नै उपलब्ध छ । साथै, नयाँ फिजिकल सिमका लागि आवश्यक फारम भर्न र केवाईसी दर्ता तथा अद्यावधिक गर्न अनलाइन केवाईसी पोर्टल पनि सोही प्लेटफर्ममा उपलब्ध रहेको छ ।

नेपाल टेलिकमको यो पहलले ग्राहकहरूको समय र श्रम दुवै बचत हुने अपेक्षा गरिएको छ

# रोयल टुलिप काठमाडौं सेयर बजारमा सूचिकृत हुनेह नबिल इन्भेष्टमेन्टसँग सम्झौता




काठमाडौं- ललितपुरको ग्वार्कोमा रहेको पाँच तारे होटल द म्यासिफ होटल प्राइभेट लिमिटेड (रोयल टुलिप काठमाण्डौं) सेयर बजारमा सूचिकृत हुने भएको छ ।

यस सिलसिलामा नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड र द म्यासिफ होटल प्राइभेट लिमिटेड बीच आईपीओको बाटो (च्यबम तय क्षएइ) सम्बन्धी संस्थागत परामर्श सम्झौता सम्पन्न भएको छ । सम्झौतामा होटलको तर्फबाट अध्यक्ष राजेन्द्र शाक्य र नबिल इन्भेष्टमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशीले हस्ताक्षर गरेका छन् ।

यस सम्झौता अन्तर्गत कम्पनीलाई प्राइभेटबाट पब्लिक लिमिटेडमा रूपान्तरण गर्ने र सर्वसाधारणमा सार्वजनिक निष्काशन (आईपीओ) का लागि आवश्यक पूर्वतयारी पूरा गर्ने कार्यमा नबिल इन्भेष्टमेन्टले समन्वयकारी भूमिका निर्वाह गर्नेछ । पूर्वतयारी सम्पन्न भएपछि नियामक निकायहरूबाट सार्वजनिक निष्काशनका लागि अनुमति माग गरिने जनाइएको छ ।

फ्रान्सको अन्तर्राष्ट्रिय चेन ब्राण्ड रोयल टुलिपको नामबाट संचालित यो होटलमा ३०८ कोठा तथा सुइट र १० वटा बैठक हल रहेका छन्, जसका कारण यो नेपालकै सबैभन्दा बढी कोठा भएको होटलमध्ये एक मानिन्छ । होटलमा इन-हाउस रेस्टुरेन्ट, स्पा, हेल्थ क्लब लगायतका अत्याधुनिक सुविधाहरू उपलब्ध छन् ।

# पहिलो पटक नेपालकै खानीबाट फलाम र सिसा बनाउने उद्योग निर्माण हुँदै

विराटनगर । मधेस प्रदेशको सप्तरी जिल्लामा नेपालकै खानीबाट कच्चापदार्थ उत्खनन् गरेर तयारी फलाम र सिसा बनाउने उद्योग धमाधम निर्माण भइरहेको छ ।

नेपालमा हाइड्रोका ठुला लगानीकर्तामध्ये एक रहेको बिग ग्रुपले सप्तरीको सुरुंगा नगरपालिका वडा नम्बर ३ पदमनगरमा ४५ विघाको निजी औद्योगिक ग्रामको निर्माण गरेर फलाम र सिसासहित फरकफरक वस्तुका ७ वटा उद्योग ल्याउन लागेको हो ।

ग्रुपका अध्यक्ष वीरेन्द्र न्यौपानेको मुख्य लगानीमा पदमनगरमा निर्मित बिग इन्डस नामको औद्योगिक ग्राममा फलाम र सिसाका अतिरिक्त बिटुमिन, ड्रम, पेन्ट्स, टायर आयल र लुब्रिकेन्ट्को उत्पादन गरिने लक्ष्य छ ।

निर्देशक न्यौपानेका अनुसार पहिलो चरणमा फलाम र सिसाको उत्पादन हुँदैछ । दुवै उद्योगमा ६ सय करोडको लगानी हुनेछ । आगामी २ वर्षभित्र फलाम र सिसा दुबैको उत्पादन गरिसक्ने लक्ष्यका साथ काम भइरहेको छ ।

उद्योगी न्यौपानेले हाल कारखानाको भवन निर्माण भइरहेको जानकारी दिए । एक वर्षभित्र कारखाना भवन निर्माण गरिसक्ने र अर्को एक वर्ष मेसिन जडान गरेर उत्पादन गरिसक्ने उनको लक्ष्य छ ।

रास्वपाको दुई तिहाइ नजिक जनमतसहितको सरकारसँग खोजेको जमसेदपुर सपना, उल्टो चुलियो त्रास

न्यौपानेले भने, ‘नेपालका लागि यी दुवै वस्तु एउटा युगको थालनी गर्ने इनोभेसन हुनेछन् । किनकि नेपालमा आफ्नै खानीबाट कच्चा पदार्थको उत्खनन् र प्रशोधन गरेर अहिलेसम्म फलाम र सिसाको तयारी वस्तु उत्पादन गर्ने कार्य भएको छैन ।’



बिग इन्डसले उदयपुरको रौता गाउँपालिकास्थित लाफामा फलाम खानी लिएको छ । साथै सोही पालिकामा सिसाको पनि खानी भेटिएको छ । यहाँका दुबै खानी उच्च गुणस्तरको भएको र गुणस्तरीय फलाम तथा सिसाको उत्पादन गर्न सकिने न्यौपानेको जिकिर छ ।

‘यो खानी नै लगभग एक पटक प्रशोधन भइसकेको खानीजस्तो छ । खानीमा भएको फलामको कच्चापदार्थ नै चुम्बकले तान्छ । त्यसैले यो दुर्लभ खानीमध्ये एक हो । यसबाट गुणस्तरीय फलाम उत्पादन गर्न भारत वा अन्य मुलुकबाट कुनै कच्चापदार्थ आयात गर्नुपर्दैन । इन्धनका लागि कोइला भने भारतबाट ल्याउनै पर्ने बाध्यता छ’, उनले सुनाए ।

बिग इन्डसले दैनिक ३ सय टन इनगट उत्पादन गर्ने लक्ष्य राखेको छ । उक्त इनगटबाट फलामे डन्डी, एंगल, च्यानल, स्क्वायर पाइप लगायतका विभिन्न स्टिलजन्य वस्तुको उत्पादन गर्न सकिन्छ ।

त्यस्तै उद्योगले दैनिक ९० टन तयारी सिसा उत्पादन गर्ने छ । जसमा सिसाका बोतल, ग्लास र प्लेन सिट लगायतका वस्तु हुनेछन् । उद्योगका लागि २० मेगावाट विद्युत् आवश्यक पर्ने छ र बिग इन्डसले प्राधिकरणबाट विद्युत् लाइनको स्वीकृति पाइसकेको छ । यसबाहेक उद्योगले ५ मेगावाटको सौर्य ऊर्जाको निर्माण पनि गर्ने छ ।

उनले खानीबाट कच्चापदार्थ उत्खनन् गरेर प्रशोधन गर्न हालसम्मका ऐनकानुन र सरकारी नीति वाधक नभएको बताए । न्यौपानेले सिसा र फलामको उत्पादनमा सफलता हात लागेपछि बिटुमिन, लुब्रिकेन्ट्स, पेन्ट्स, टायर आयल र ड्रमका उद्योग ल्याइने स्पष्ट पारे ।

वीरेन्द्र सप्तरीको लक्ष्मीपुरमा जन्मिएका व्यवसायी हुन् । सुरुमा निर्माण व्यवसायमा जमेका उनी पछि जलविद्युतमा सक्रिय भए । उनको झण्डै ४ सय मेगावाटका जलविद्युत आयोजना निर्माणाधिन छन् । विराटनगरमा उनको चारतारे क्यासिनो सहितको बिग होटल पनि छ । ‘लक्ष्मीपुर मेरो पुख्यौली थलो हो । हामीले ४५ बिघा जमिन खरिद गरेर बिग इन्डस औद्योगिक ग्रामको स्थापना गरेका हौं । हजुरबा स्वर्गीय पदमबहादुरका नाममा औद्योगिक ग्राम भएको स्थानलाई पदमनगर नामकरण गरिएको छ’, उनले सुनाए ।

नेपालमा फलामका ठुला प्लेयर अरू थुप्रै छन्, तपाई एकाएक यस क्षेत्रमा कसरी आउनुभयो? बिजमाण्डूको प्रश्नमा उनले भने, ‘म नयाँ काम केही गरौं भन्ने सोचिरहेको थिएँ । यसका लागि उदयपुरको पहाडी क्षेत्र सम्पूर्ण घुमें । धेरै मेहनतपछि फलाम र सिसाको खानी फेला पारें । सिसा खानीबाट थोरबहुत चाँदी पनि निस्कने देखिएको छ । सबै परीक्षण भइसकेको छैन । सबै अहिले भन्न पनि मिल्दैन ।’

# महिनामा भित्रियो १६ खर्ब ५९ अर्ब रेमिटेन्स, चैतमा मात्रै २ खर्ब ९ अर्ब रुपैयाँ




काठमाडौं । चालु आर्थिक वर्षको ९ महिनामा रेमिटेन्स ३९.१ प्रतिशतले वृद्धि भएको छ । चैत मसान्तसम्म कूल १६ खर्ब ५९ अर्ब ४१ करोड रेमिटेन्स भित्रिएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा रेमिटेन्स १०.२ प्रतिशतले बढेको थियो । चैत एक महिनामा मात्रै २ खर्ब ९ अर्ब ७५ करोड रुपैयाँ रेमिटेन्स आएको छ ।

वैदेशिक रोजगारीमा जानेको संख्यामा केही कमि आए पनि पुनः श्रम स्वीकृति लिनेको संख्या बढ्दा रेमिटेन्स बढेको हो ।

अघिल्लो वर्षको सोही महिनामा रेमिटेन्स १ खर्ब ३९ अर्ब ५४ करोड रहेको थियो ।

९ महिनामा अमेरिकी डलरमा रेमिटेन्स ३१.९ प्रतिशतले वृद्धि भइ ११ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.५ प्रतिशतले बढेको थियो ।

त्यसैगरी, खुद द्वितीय आय (खुद ट्रान्सफर) १८ खर्ब २० अर्ब ४२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १३०३ अर्ब १२ करोड रुपैयाँ रहेको थियो ।

चैतसम्म वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत/नयाँ) लिने २ लाख ९४ हजार १८६ र पुनः श्रम स्वीकृति लिने २ लाख ९३ हजार २५९ पुगेका छन् ।

पोहोर ९ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने ३ लाख ५८ हजार २२२ र पुनः श्रम स्वीकृति लिने २ लाख ४९ हजार ६५२ रहेको थियो ।

खेलकुद

## बेंगलुरु शीर्षमा मुम्बई बाहिरियो

काठमाडौँ – रोयल च्यालेन्जर्स बेंगुलुरुले आइतबार इन्डियन प्रिमियर लिग (आईपीएल) २०२६ मा मुम्बई इन्डियन्सलाई अन्तिम बलमा दुई विकेटले पराजित गर्दै अंक तालिकाको शीर्ष स्थानमा उक्लेको छ । यो नतिजापछि अन्तिम स्थानमा रहेका मुम्बईसँगै लखनउ सुपर जायन्ट्सको प्ले सम्भावना समाप्त भएको छ ।

जितका लागि १ सय ६७ रन पछ्याऊने क्रममा बेंगलुरुले आठ विकेटमा त्यसलाई आत्मसात् गरेको थियो । त्रुणाल पाण्डेले बेंगलुरुका लागि ४६ बलमा ७३ रनको निर्णायक इनिङ्स खेले । उनले चार चौका र पाँच छक्का प्रहार गरे ।



त्यस अगाडि पहिले ब्याटिङ गरेको मुम्बईले सात विकेटमा १ सय ६६ रन बनाएको थियो र त्यसमा तिलक वर्माले सबैभन्दा बढी ५७ रन बनाए । यो जितपछि बेंगलुरु १४ अंकमा पहिलो स्थानमा पुग्यो । मुम्बई र लखनउ समान छ अंकमा पुछारका दुई स्थानमा छन् ।

# खेलकुद नीतिमा सरकार चुक्यो, खेलकर्मी निराश

काठमाडौं- बालेन्द्र शाह नेतृत्वको सरकारले सोमबार प्रस्तुत गरेको सय बुँदाको नीति तथा कार्यक्रममा खेलकुदलाई एउटै बुँदामा खुम्च्याइएको छ । खेलकुद क्षेत्रमा आमूल परिवर्तनको अपेक्षा राखेका खेलकर्मीहरू यो नीति तथा कार्यक्रमबाट निराश बनेका छन् ।

खेलकुदमन्त्री सस्मित पोखरेलले पटक-पटक खेलकुदलाई विद्यालयको पाठ्यक्रममै समावेश गर्ने प्रतिबद्धता जनाएका थिए, तर नीति तथा कार्यक्रममा यो योजना समेटिएन । बरु खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग जोड्ने उद्घोष मात्र गरिएको छ । विद्यालय तहदेखि प्रतिभा पहिचान, व्यावसायिकीकरण र खेलाडीको सामाजिक सुरक्षाका कुरा उल्लेख भए पनि यी अघिल्ला सरकारका पुराना आश्वासनकै



निरन्तरता हुन् ।

राखेपका पूर्वकार्यकारी सदस्य कमल भट्टराई यो नीति तथा कार्यक्रम खेलाडीलाई प्रोत्साहन गर्ने खालको नरहेको बताउँछन् । "अहिले आउँदाखेरि देखिन्न, यसले सम्पूर्ण खेलाडीहरू निराश भएको देखिन्छ," उनले भने । रास्वपाको आफ्नै घोषणापत्रमा उल्लेखित नेपाललाई दक्षिण एसियाकै 'स्पोर्ट्स हब' बनाउने र अधुरा रङ्गशालाहरू समयमै सम्पन्न गर्ने वाचाहरू पनि नीति तथा कार्यक्रममा देखिँदैनन् ।

तथापि रास्वपा खेलकुद विभागका सचिव पुरुषोत्तम पोखरेल भने यो नीति कार्यान्वयनयोग्य रहेको दाबी गर्छन् । खेलकर्मीहरूको मूल चासो भने कागजमा लेखिएका योजना व्यवहारमा उत्रन्छन् कि उत्रदैनन् भन्नेमा छ ।

# रोहिंग्या प्रवेश गर्न सक्ने भन्दै रानी नाकामा कडाइ

विराटनगर- स्थानीय प्रशासनले विराटनगरको रानी नाका हुँदै नेपाल प्रवेशमा कडाइ गरेको छ । भारतको पश्चिम बंगालमा सत्ता फेरिएलगतै जोगवनी हुँदै विराटनगर प्रवेश गर्ने रानी नाकामा कडाइ गरिएको हो ।

नाकामा नेपाल प्रवेशका लागि परिचयपत्र अनिवार्य गरिएको छ । पूर्वी नाका काकडभिट्टामा भने विगतदेखि परिचयत्र अनिवार्य थियो ।

भारतसँग सीमा जोडिएका सबै क्षेत्रमा सतर्कता बढाइएको कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी विनोद घिमिरेले बताए । उनका अनुसार रोहिङ्ग्या शरणार्थी नेपाल प्रवेश गर्न सक्ने आशंकामा सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको हो । 'सीमा क्षेत्रमा रहेका सबै प्रहरी युनिटले सतर्कता बढाएका छन्,' उनले भने,' नेपाल प्रवेशका लागि परिचयपत्र



अनिवाय छ ।'

भारतको पश्चिम बंगालमा ममता बनर्जीको १५ वर्षे शासन अन्त्य गर्दै भाजपाका शुभेन्दु अधिकारी मुख्यमन्त्री बनेका छन् । अधिकारी कट्टर हिन्दुवादी नेता हुन् । उनी मुख्यमन्त्री बनेपछि म्यानमारबाट बंगलादेश हुँदै पश्चिम बंगालमा शरण लिइरहेका रोहिंग्या शरणार्थीले शिविर छाड्न थालेपछि नेपाल प्रवेश गर्ने आशंकामा नाकामा कडाइ गरिएको हो ।

यसअघि प्रहरी प्रधान कार्यालयले भारतसँग सीमा जोडिएका सबै जिल्लामा सतर्कता अपनाउन सर्कुलर जारी गरेको थियो ।

नाकामा खटिएका सुरक्षाकर्मीले नेपाल आउनेलाई आउने कारण पनि सोधिरहेका छन् । नाकामा सशस्त्र प्रहरी र जनपद प्रहरीको संयुक्त टोली परिचालन गरिएको छ । सुरक्षा जाँचका लागि तालिमप्राप्त कुकुर पनि परिचालन गरिएको छ ।

भारतको कोलकाताबाट हरेक तीन दिनमा जोगवनीसम्म रेल आउँछ । रेल र सडकको बाटो हुँदै पश्चिम बंगालमा रहेका रोहिंग्या नेपाल प्रवेश गर्ने आशंकामा नामा कडाइ गरिएको प्रहरीको भनाइ छ ।

दुई देशको सिमानामा हुने अवैध घुसपैठ र गैरकानुनी गतिविधि नियन्त्रण गर्न नेपाल प्रवेशका लागि परिचयपत्र अनिवार्य गरिएको प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले बताए ।

'सीमा सुरक्षाा हाम्रो नियमित ड्युटी हो, सीमा क्षेत्रमा हुनसक्ने अवान्छित गतिविधि र भारतीय बजारमा निर्भर हुने प्रवृतिलाई रोक्नका लागि कडाइ गरिएको हो,' उनले भने,' मामोरङ जिल्लाका सबै नाकामा परिचयपत्र अनिवार्य गरिएको छ ।'

## विद्यालयको हिउँदे र वर्षे बिदा कटौती, ३० दिनमा मात्र



काठमाडौं- दुई दिन सार्वजनिक बिदा दिएपछि विद्यालयको हिउँदे र वर्षे बिदमा कटौती गरिएको छ ।

दुई दिन बिदा दिँदा कोर्स पूरा नहुने भएपछि अरू बिदा कटौती गरिएको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार हिउँदे र वर्षे बिदाको साविकको अवधि ४५ दिनलाई ३० दिन कायम गरिएको छ ।

प्रत्येक दिन प्रार्थना समय १५ मिनेट र खाजा समय ३० मिनेट व्यवस्थापन गर्ने निर्णय केन्द्रले गरेको छ । त्यसैगरी सोबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित कियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई भनिएको छ ।

पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्यांकनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्ने गरी व्यवस्थापन गर्न सकिने केन्द्रले जनाएको छ ।

अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिमका १२ दिनलाई उपयोग गर्न सकिने उल्लेख गरेको छ ।

मन्त्रिपरिषद् बैठकले २०८२ चैत २२ गते शैक्षिक संस्थाहरूमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

## भू-गोल र सडक संरचनाका कारण दुर्घटना बढ्यो : आईजीपी कार्की

काठमाडौं- नेपाली प्रहरीका प्रमुख (आइजीपी) दानबहादुर कार्कीले नेपालको जटिल भू-गोल र अव्यवस्थित सडक संरचनाका कारण सवारी दुर्घटना बढ्दै गएको बताएका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं राष्ट्रिय महाधिवेशनमा उनले जटिल भुगोग र देशभर जथाभावी निर्माण गरिएका सडक तथा कमजोर इन्जिनियरिङ संरचनाले दुर्घटनाको जोखिम थप बढाएको बताए ।

नेपालमा सवारी दुर्घटनाबाट हुने मानवीय क्षति अत्यन्त दुःखद् बन्दै गएको भन्दै दैनिक औसतमा आठ जनासम्मको मृत्यु हुने अवस्था सिर्जना हुनु गम्भीर चिन्ताको विषय भएको आईजीपी कार्कीको भनाइ थियो ।

'गाउँ गाउँमा वडा अध्यक्ष, अध्यक्षहरूले इच्छा गरेर बनाइएका सडकहरू गाउँगाउँ जथाभावी डोजर क्रान्ति गरिएका बाटाहरू को कारणले पनि दुर्घटना भएका छन् भन्ने पनि हामीले स्वीकार गर्नपर्ने छ । ती बाटाहरू इन्जिनियरिङ हिसाबले ती ठिक छन्,' उनले भने, 'जहाँनिर त्यो जलवायु परिवर्तनका सँगै जो बाढी र पहिरो आउछ त्यसको सिर्जना गर्नमा कति योगदान गरेको छ त्यस्तो किसिमको विकासको नमुनाले भन्ने तर्फ पनि हेर्नपर्नेछ ।'

कार्कीले सवारी दुर्घटना राज्य, व्यवसायी, मजदुर युनियन तथा सम्पूर्ण नागरिकको साझा चिन्ताको विषय भएको उल्लेख गर्दै यसलाई न्यूनीकरण गर्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने पनि बताए ।

उनका अनुसार पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको प्रभावका कारण नेपालमा बाढी, पहिरो तथा मनसुनजन्य विपद् बढ्दै गएका छन्, जसले सवारी दुर्घटनाको जोखिम थप बढाएको छ । 'अहिले अर्को कसैलाई पीडा भएको अवस्थाले अहिले एकछिन शान्त भइराख्ने कुरा पनि होइन । त्यो कुनै दिन त्यो पिडा कसैसँग नपरोस् भन्नका खातिर महाधिवेशनले पनि एउटा मार्ग निर्देश गर्नपर्ने अवस्था छ भन्ने बुझ्नु जरुरी छ । अब हामीले पछिल्ला दिनमा मौसमको परिवर्तनले जलवायुमा आएको परिवर्तनको कारणले पनि संसारभरमा जस्तै नेपालमा पनि दुर्घटनाहरू वृद्धि गरेको छ,' उनले भने ।

विशेषगरी चाडपर्वको समयमा भएका ठूला दुर्घटनाले मानवीय क्षतिसँगै राष्ट्रलाई ठूलो आर्थिक नोक्सानी पनि व्यहोर्नपरेको छ ।

# चोरी भएका ६५ मोटरसाइकल फेला पारेर ट्राफिकले गऱ्यो धनीलाई हस्तान्तरण

काठमाडौं- काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरुबाट हराएका ६५ थान मोटरसाइकल ट्राफिक प्रहरीले धनीलाई हस्तान्तरण गरेको छ ।

उपत्यकाका विभिन्न ठाउँहरुबाट विभिन्न मितिमा हराएका दुई पांग्रे सवारी (मोटरसाइकल र स्कुटर) काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले फेला पारेर धनीलाई हस्तान्तरण गरेको हो ।



उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख तथा एसएसपी नवराज अधिकारीले आइतबार एक कार्यक्रमकाबीच सवारी हस्तान्तरण गरे । हराएका सवारी फेला परेपछि खुसी व्यक्त गर्दै सवारी धनीले ट्राफिकलाई खादा लगाउँदै लड्डुसमेत खुवाए ।

ट्राफिकले करिब ३० लाख मूल्य पर्ने मोटरसाइकल समेत भेट्टाएर धनीलाई हस्तान्तरण गरेको थियो । बबरमहलबाट हराएको अप्रिला कम्पनीको करिब ३० लाख रुपैयाँ मूल्य पर्ने मोटरसाइकल फेला पारेर बुझाइएको ट्राफिक प्रहरीले बताएको छ ।

अलिंक लामिछानेको उक्त मोटरसाइकल कालोपुलमा भेटिएका ट्राफिक प्रहरीका प्रवक्ता तथा एसपी नरेशराज सुवेदीले जानकारी दिए । मोटरसाइकल धनी लामिछानेले उक्त मोटरसाइकल ३० लाखमा खरिद गरेको बताएका छन् ।

सवारी चोरी गर्ने क्रम बढेको भन्दै ट्राफिकले ह्विल लक लगाउन, जीपीएस तथा साइरन जोड्न समेत सवारी धनीलाई अनुरोध गरेको छ ।

## काठमाडौं अवतरणमा टर्किस एयरको जहाजमा आगलागी

काठमाडौं- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आज बिहान पौने सात बजेतिर इस्तानबुलबाट काठमाडौं आएको टर्किस एयरलाइन्सको त्७२६ जहाज अवतरण गर्ने क्रममा पाङ्गामा आगो लागेको छ । घटनाको तत्काल जानकारी पाएलगत्तै दमकल परिचालन गरी आगो निभाइएको छ ।

जहाजमा चार बच्चासहित जम्मा २७७ यात्रु थिए । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार सबै यात्रु सुरक्षित छन् । आगो लागेको थाहा पाउनासाथ जहाजको इमर्जेन्सी ढोका खोलेर यात्रुहरूको उद्धार गरिएको थियो । हतारोमा जहाजबाट ओर्लने क्रममा भने केही यात्रुको हातमा सामान्य चोट लागेको छ । जहाजभित्र केही शव र यात्रुका सामानहरू पनि रहेको बताइएको छ ।




घटनापछि जहाज मुख्य धावनमार्गमै अड्किएकाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर ाष्ट्रिय उडान अवतरण पूर्णरूपमा अवरुद्ध भएको छ । ठूला अन्तर ाष्ट्रिय जहाजहरूको नियमित उडान तालिका प्रभावित भएको छ । "अहिले उडान अवतरण बन्द छ, जहाजलाई धावनमार्गबाट ट्याक्सीवेमा लगेर यात्रुको उद्धार हुँदैछ," भुलले बताए । जहाजलाई धावनमार्गबाट हटाएर उडान सञ्चालन सामान्य अवस्थामा ल्याउने प्रयास भइरहेको विमानस्थल स्रोतले जनाएको छ ।

आगो लाग्नुको प्राविधिक कारण र अन्य पक्षबारे अनुसन्धान सुरु भइसकेको छ । विमानस्थल सुरक्षा निकायले थप विवरण सार्वजनिक गर्ने बताएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४०,
२०८३ साल वैशाख २९ गते मंगलबार
12 MAY 2026, TUESDAY

# वीरगञ्ज सडक विस्तार अन्योलबारे सांसद पन्तले गराए सरकारको ध्यानाकर्षण

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद हरि पन्त (बुद्धिबहादुर) ले वीरगञ्जको सडक विस्तार अन्योलबारे सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।

मंगलबारको संसद् बैठकलाई सम्बोधन गर्दै पर्सा क्षेत्र नम्बर १ का सांसद समेत रहेका पन्तले सडक विस्तार विवादका कारण वीरगञ्ज इतिहासकै एउटा कठिन परिस्थितिबाट गुज्रिरहेको भन्दै सडक विस्तारमा भइरहेको अन्योल चिरेर ठोस निर्णयमा पुऱ्याउन सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सांसद पन्तले भारतबाट आउने सम्पूर्ण मालवाहक गाडीहरू ड्राइपोर्टबाट मात्रै नेपाल प्रवेश गर्ने हुनाले त्यस राजमार्गलाई २५/२५ मिटरभन्दा कम गर्न त्यहाँका जनताबाट आवाज उठेकोले यी सबै अन्योललाई चिरेर एउटा ठोस निर्णयमा पुगी सडक




निर्माणलाई युद्धस्तरमा अघि बढाउन सभामुखमार्फत सरकारको ध्यानकर्षण गराएका हुन् ।

सडक विस्तारको अन्योलतालाई चिरेर सडक निर्माणलाई युद्धस्तरमा अघि बढाइ वीरगञ्जका समग्र उद्योग व्यापारलाई सहज र पूर्ववत रूपमा सञ्चालनमा ल्याउन उनले माग गरे । सांसद पन्तले भने, 'करिब १ महिना अगाडि १४० वर्षभन्दा अघि वीर शमशेरले बसाएको आधुनिक वीरगञ्जको मुख्य बजार बसेको गण्डकदेखि रक्सौलसम्मको सडक दुवै तिरको बजार र घरहरूमा डोजर चलेका छन् । देशलाई कुल राजस्वको ६० प्रतिशत राजस्व दिने वीरगञ्ज बजार अहिले पूर्णरूपमा अस्तव्यस्त र बन्द छ । सडकका दुवैतिर बजार होइन, भत्किएका भवनका अवशेषहरू छन् । एकातिर सोही राजमार्ग अन्तर्गत हेटौंडामा २५-२५ गज मात्रै भत्किएको छ । तर वीरगञ्जमा २५ मिटर भत्किएको छ ।'

**संसद्को मर्यादा...**

गर्दै एकपछि अर्को अध्यादेश ल्याउने सरकारको प्रवृत्तिलाई उनले लोकतान्त्रिक पद्धतिविपरीत करार गरे । "संख्याको दम्भमा विधि मिच्ने काम नहोस् । जसरी प्रतिशोधको गन्ध आउने गरी धरपकडहरु सुरु गर्नभयो, सरकारको आलोचना गर्नेहरुलाई थुन्ने काम गर्नभयो, यो लोकतान्त्रिक पद्धति र प्रणालीका लागि कसरी स्वीकार्य हुन सक्छ?" उनले प्रश्न गरे ।

यसका साथै प्रचण्डले सरकारमाथि सम्पत्ति विवरणमा उठेका प्रश्नको पारदर्शी जवाफ नदिई ढाकछोप गरेको आरोप लगाए । पुराना दलहरूलाई खत्तम भनेर नयाँ राजनीतिको भाष्य निर्माण गरेका शाह सरकार आज आफैँ त्यही स्वेच्छाचारिता र प्रतिशोधको बाटोमा हिँडेको उनको आरोप थियो ।

अन्त्यमा प्रचण्डले प्रधानमन्त्रीको कार्यशैलीमा समग्र नेपालको भविष्य जोडिएको भन्दै सरकारलाई जिम्मेवारीबोधका साथ अघि बढ्न आग्रह गरे । "यसमा हामी सबैको ध्यान जाओस् । प्रधानमन्त्रीको कार्यशैलीमा हामी सबैको भविष्य जोडिएको छ," उनले भने ।

**गगन...**

खालको आर्थिक अपचलनमा लाग्नुभएको छ भन्ने कुरा तथ्य प्रमाणसहित प्राप्त भयो भने अख्तियारभन्दा पहिले मैले कारबाही गर्छु । दायाँ-बाँया कुरा छैन ।"

प्रदेश संसदीय दलका नेता, मन्त्री, सांसद र पालिका प्रमुख-उपप्रमुख सहभागी रहेको उक्त कार्यक्रममा थापाले पार्टीलाई काम र परिणाम मात्र चाहिएको स्पष्ट पारे ।

कर्णाली प्रदेशको सरकार परिवर्तनबारे उनले नेकपा एमालेसँगको समझदारीका आधारमा कांग्रेसले नेतृत्व गर्ने बेला आएको बताए । "सरकार बन्ने कुरा हामीलाई छोडिदिनुस्, बन्छ । तर सरकार बनिसकेपछि हामीलाई डेलिभरी चाहियो," उनले भने ।

**प्रधानमन्त्री ...**

आङ्देम्बेले भने, "अचानक उहाँको स्वास्थ्य स्थिति गम्भीर बनेको हो भने के भएको हो? अविलम्ब स्वास्थ्य परीक्षण गरेर संसद्लाई जानकारी गराइयोस् ।"

प्रधानमन्त्री केवल राष्ट्रिय स्वतन्त्र पार्टीको मात्र नभई समग्र देशको सम्पत्ति भएको भन्दै उनले स्वास्थ्यको चिन्ता आफूहरूलाई पनि रहेको जनाए । "प्रधानमन्त्री अब रास्वपाको मात्रै रहनुभएन, हाम्रो पनि सम्पत्ति हो । चाँडोभन्दा चाँडो उहाँको स्वास्थ्य जानकारी संसद्लाई गराइयोस्," उनले थपे ।

यसका साथै आङ्देम्बेले सरकारको संवादहीन र बन्द कोठे शासनशैलीप्रति पनि तीखो कटाक्ष गरे । जनताप्रति जवाफदेही र उत्तरदायी भई खुलस्त संवाद गर्नु लोकतान्त्रिक सरकारको प्राथमिक कर्तव्य भएको स्मरण गराउँदै उनले भने, "सरकारलाई सामाजिक सञ्जालमा खोज्नुपर्ने दुर्भाग्य हाम्रा लागि त्यति सुखद् लागिराखेको छैन ।"

सरकारले आह्वान भइसकेको संसद् स्थगन गरेर अध्यादेशमार्फत करिब डेढ सय कानून संशोधन र नयाँ कानून घोषणा गरेको विषयमा पनि उनले तीव्र आपत्ति जनाए । यसले संसदीय गरिमा र लोकतान्त्रिक मूल्यहरूमा गम्भीर चोट पुऱ्याएको उनको भनाइ थियो । "लोकतन्त्र बन्द कोठाको शासन होइन, यो खुला र सरल प्रक्रिया हो । विश्वास, सहमति र सहभागिता यसका आत्मा हुन्," उनले भने ।

**संसद्मा महावीर...**

बेला ल्याउन लागेको अध्यादेश अहिलेको सरकारले पनि नल्याएको बताए ।

'तीन वटा अध्यादेश ल्याउन खोजेको थिएँ । त्यतिबेल गर्न खोजेको, सकिएन,' उनले भने, 'सरकारले ८ वटा अध्यादेश ल्यायो तर मैले ल्याउन खोजेको आएको छैन ।'

विश्वविद्यालयमा कुलपति प्रधानमन्त्री हुने प्रावधान हटाउने अध्यादेश ल्याउन लागेको तर अहिलेको अध्यादेशमा त्यो विषय नआएको उनले बताए ।

'विश्वविद्यालय राजनीति मुक्त गर्ने भनेको छ । तर अहिले पनि कुलपति प्रधानमन्त्री हुने व्यवस्था छ नि,' उनले भने ।

उनले विज्ञान प्रविधिको विकास गर्न विज्ञान प्रविधि मन्त्रालय छुट्टै बनाउन पनि उनले माग गरे ।

**सांसदहरूको अनुपस्थिति...**

त्यस्तै, उनले प्रधानमन्त्रीले संसद्लाई सम्बोधन नगरेको विषयमा पनि असन्तुष्टि व्यक्त गरे । 'यो सरकारको प्रधानमन्त्री छ कि छैन ? छ भने प्रधानमन्त्रीले सदनलाई सम्बोधन गर्नंपर्छ कि पर्दैन ? सांसदको प्रश्नको उत्तर दिनुपर्छ कि पर्दैन ?' भन्दै उनले सांसदको प्रश्नको उत्तर नदिनु भनेको जनताको प्रश्नको जवाफ नदिनु सरह भएको बताए ।

साम्पाङले प्रश्नको उत्तर दिन नसक्ने प्रधानमन्त्री असक्षम ठहरिने टिप्पणी गर्दै सरकार जनताको सुरक्षा र सीमा रक्षा गर्न समेत कमजोर देखिएको आरोप लगाए ।

उनले सीमावर्ती क्षेत्रमा भारतले गरिरहेको निर्माण कार्यबारे पनि सरकारसँग जवाफ मागे । 'सीमावर्ती क्षेत्रमा छिमेकी सरकारले गरिरहेको निर्माण कार्य नेपाल सरकारलाई सोधेर गरेको हो वा आपूखुसी गरिरहेको हो ? उदाहरण महाकालीको तटमा पारिपट्टी भइरहेको निर्माणलाई देख्न सक्छौं,' उनले भने ।

# एमआरपीमा पछाडि हट्यो सरकार, भन्सारबाट छुट्न थाले मालवाहक ट्रक

काठमाडौं- सरकारले भन्सार बिन्दुमै आयातित वस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने निर्णयमा कडाइ गरेसँगै देशका प्रमुख व्यापारिक नाकामा सिर्जना भएको अन्योल र गतिरोध तत्कालका लागि अन्त्य भएको छ ।

एमआरपी विवादका कारण रोकिएको भन्सार जाँचपास प्रक्रिया हिजो बुधबारदेखि पुनः सुरु भएको छ । भन्सार विभाग र व्यवसायीहरूबीच भएको सहमतिपछि हिजोदेखि नै सामानको जाँचपास सुरु भएको हो ।

भन्सार विभागले आयातकर्तालाई एमआरपी आफैं घोषणा गर्न लगाएर तत्कालका लागि मालसामान भित्र्याउने बाटो खोलेको हो ।

सहमति अनुसार व्यवसायीले भन्सारमा वस्तुको एमआरपी घोषणा गर्नंपर्ने छ । ती वस्तुमा एमआरपी लेबल आफ्नै गोदाममा लगेर लगाएपछि मात्र बजारमा पठाउन पाउने सुविधा दिइएको छ ।

बजारमा सामान पठाउँदा अनिवार्य मूल्य खुलाउनुपर्ने सर्तसहित यो प्रक्रिया अघि बढेको हो । सरकारको यो नयाँ व्यवस्थासँगै बुधबारदेखि वीरगञ्ज, विराटनगर लगायत प्रमुख नाकाबाट सामानको जाँचपास धमाधम सुरु भइसकेको छ ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीका अनुसार आयातकर्ताले गर्ने स्वघोषणाका आधारमा आयातित वस्तु जाँचपास गर्न मातहतका सबै भन्सार कार्यालयलाई बुधबार निर्देशन दिइएको छ ।

'भन्सार बिन्दुमा रोकिएका मालसामान एमआरपी स्वघोषणापछि जाँचपास गर्न सबै भन्सार कार्यालयमा भनेका छौं,' उनले भने, 'एमआरपीको समस्या तत्काललाई समाधान भएको छ, नाकामा एमआरपी घोषणा कार्यान्वयन गर्न अझै तीन महिना समय छ ।'

भन्सार जाँचपास सुरु भएसँगै राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको विभागले जनाएको छ ।

विभागका अनुसार हिजो एकैदिन भन्सार बिन्दुहरूबाट १ अर्ब ५९ करोड रुपैयाँ राजस्व संकलन भएको छ । यो व्यवस्था तीन महिनाका लागिमात्र प्रभावकारी हुनेछ । यस अवधिमा आगामी बजेट वा अन्य कानुनी प्रक्रिया मार्फत थप स्पष्टता आउन सक्ने अपेक्षा गरिएको छ ।

विभागले यस विषयमा औपचारिक पत्र काट्नुको सट्टा आन्तरिक सर्कुलर



र भर्चुअल बैठकहरू मार्फत मातहत कार्यालयलाई निर्देशन दिएको छ ।

उपभोक्ता संरक्षण ऐन र अन्य कानुनी जटिलता मध्यनजर गर्दै तत्कालका लागि व्यावहारिक निकास निकालिएको विभागको भनाइ छ ।

व्यवसायीहरूले पनि यो तीन महिना अवधिमा सरकारलाई आफ्ना मागबारे बुझाउने र कानुनी संशोधन गर्न पहल गर्ने समयका रूपमा लिएका छन् ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ३० चैत २०८२ मा सूचना जारी गर्दै १५ वैशाख २०८३ देखि एमआरपी उल्लेख भएका आयातित सामान मात्रै जाँचपास गर्ने नियम ल्याएको थियो ।

तर, भन्सार बिन्दुमै मालसामान अनलोड गरेर प्रत्येक इकाइमा मूल्य टाँस्न व्यावहारिक नहुने भन्दै आयातकर्ताहरूले सामान छुटाउन इन्कार गरेका थिए ।

यो गतिरोध अन्त्यका लागि भन्सार विभागले आगामी आर्थिक वर्ष २०८३/८४ को आर्थिक ऐनमार्फत एमआरपीबारे थप स्पष्ट पार्ने विकल्प अघि साऱ्यो ।

आयातकर्ताले भन्सारमा मूल्य स्वघोषणा गर्ने र सामान भित्र्याइसकेपछि मात्रै लेबल लगाएर बिक्री गर्ने सर्तमा जाँचपास गराउन गरेको आग्रहमा सुरुमा असहमति जनाए पनि अन्ततः सरकार राजी भएको छ । यस विषयमा कानुनी व्यवस्था हेर्दा उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ मा बजारमा बिक्री हुने वस्तुमा लेबल अनिवार्य हुनुपर्ने उल्लेख छ । यस्तो लेबलमा उत्पादकको नाम, ठेगाना, दर्ता नम्बर, उपभोगको अन्तिम मिति, एमआरपी, ब्याच नम्बर र उत्पादन मितिजस्ता विवरण खुलाउनुपर्ने प्रावधान छ ।

सोही ऐनको दफा ६ को उपदफा ३ ले आयातित वस्तुका हकमा पैठारीकर्ताले नै लेबल लगाउनुपर्ने जिम्मेवारी तोकेको छ भने उपदफा ४ ले लेबल नभएका वस्तुको पैठारी र बिक्री-वितरणमा पूर्ण प्रतिबन्ध लगाएको छ ।

राजस्व संकलनमा ५० प्रतिशतभन्दा बढीले गिरावट आएपछि, भन्सारमा हजारौं मालवाहक ट्रक रोकिएपछि र व्यवसायीलाई धेरै ठूलो घाटा भएपछि मात्रै सरकारले व्यावहारिक निकास निकालेको वीरगञ्ज उद्योग वाणिज्य संघ अध्यक्ष हरिप्रसाद गौतमले बताए ।

'भन्सारले अहिलेलाई एमआरपी लेबल नखोज्ने र व्यवसायीले नेपालभित्रै लगेर लेबल लगाएर मात्र सामान बेच्ने कबुलियतनामाका आधारमा जाँचपास भइरहेको छ,' अध्यक्ष गौतमले भने ।

यसअघि भन्सार विभागले यो विषय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाएको थियो भने मन्त्रालयले प्रधानमन्त्री कार्यालयमा पठाएको थियो । राजस्वमा ठूलो धक्का लागेपछि अर्थमन्त्रीको पहलमा यो सहजीकरण गरिएको अध्यक्ष गौतमको भनाइ छ ।

व्यवसायीहरूले आगामी बजेट मार्फत यो झन्झटिलो व्यवस्थालाई स्थायी रूपमै संशोधन वा व्यावहारिक बनाइने अपेक्षा गरेका छन् ।

भन्सार रोकिँदा व्यवसायीहरूले ठूलो आर्थिक नोक्सानी बेहोर्नंपरेको छ । अध्यक्ष गौतमका अनुसार ट्रकको चर्को भाडा, कतिपय सामान कुहिएर वा बिग्रिएर भएको क्षति, बैंकको ब्याज र एलसीको म्याद सकिनेजस्ता समस्याले व्यवसायीहरू मारमा परेका छन् ।

'वीरगञ्जमा मात्रै २ हजार ट्रक रोकिँदा व्यवसायी र सरकार दुवैलाई ठूलो घाटा भयो,' उनले भने ।

अध्यक्ष गौतमले अहिलेको नियम जस्ताको तस्तै लागु गर्न सम्भव नभएको दाबी गरे । 'यदि नियम व्यावहारिक भएन र लागत बढ्यो भने एक नम्बर नाकाबाट सामान आउन छाड्छ र दुई नम्बर (अवैध) बाटोबाट तस्करी बढ्छ,' उनले भने, 'जसलाई रोक्न कसैले पनि सक्दैनन् ।'

व्यवसायीहरूले वस्तुको प्रकृति (कोइलाजस्ता कच्चापदार्थदेखि तयारी मालवस्तुसम्म) हेरेर प्याकेजिङ र लेबलिङको नियम छुट्टाछुट्टै हुनुपर्ने माग राख्दै आएका छन् ।


## स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

**स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# 'पियारी' कौडारचुड्का गीत सार्वजनिक



काठमाडौं- नेपाली मौलिक लोकसंगीतको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित 'पियारी' बोलको कौडारचुड्का गीत सार्वजनिक गरिएको छ। गण्डक क्षेत्रको रैथाने भाकालाई समेटिएको यो गीतले विशेषतः गोरखा-तनहुँ आसपासमा प्रचलित परम्परागत सांगीतिक शैलीलाई उजागर गरेको निर्माण टिमले जनाएको छ।

गीतमा गणेश गुरुङ, तेजेन्द्र दुरा र मनाङ गुरुङको स्वर रहेको छ भने शब्द सिर्जना गणेश गुरुङकै हो। संगीत संकलन चन्द्र गुरुङ (केवरपानी) र गोरा बाजे तोरेन ले गरेका हुन्। गीतको एरेञ्ज तेजेन्द्र दुराले गरेका छन्।

दुई दशकभन्दा बढी समयदेखि नेपाली मौलिक गीत-संगीतमा सक्रिय गणेश गुरुङ 'कौडा किङ्ग'का रूपमा परिचित छन्। औपचारिक रूपमा मौलिक गीतलाई अवार्ड दिने प्रचलन सुरु भएपछि नेपालमै पहिलोपटक कौडा गीतमार्फत 'राप्ती म्युजिक अवार्ड' )सुनको औंठी) प्राप्त गर्न सफल भएका उनी पछिल्लो समय रैथाने भाकाको संरक्षण अभियानमा केन्द्रित छन्।

सामान्यतया चुड्का गीत वैशाख पूर्णिमादेखि सुरु हुने परम्परासँग जोडिएको मानिन्छ। क्षेत्रअनुसार सतीघाटु र चुड्का गीतबीच विशेष सम्बन्ध रहने बताइन्छ। कौडारचुड्का गीत गण्डक क्षेत्रका गुरुङ, मगर, दुरा र दराई समुदायमा बढी प्रचलित छ। म्युजिक भिडियोतर्फ हितमान गुरुङ, सुस्मिता गुरुङ, अन्जु गुरुङ र गणेश गुरुङको अभिनय देख्न सकिन्छ। भिडियोको छायांकन करण चैसिरले गरेका हुन् भने सम्पादन विष्णुहरि तिमल्सिनाले गरेका छन्। कोरियोग्राफी तथा निर्देशन मनाङ गुरुङले सम्हालेका छन्।

गायक गणेश गुरुङका अनुसार 'सल्ला धुपैले', 'गोरखा मनकामना' र 'गोगनपानी'जस्ता चर्चित दोहोरी गीतपछि 'पियारी'लाई व्यावसायिक भन्दा पनि मौलिक सांस्कृतिक सम्पदाको संरक्षण अभियानका रूपमा प्रस्तुत गरिएको हो। भिडियो गायक गुरुङकै युट्युव च्यानल गणेश गुरुङ मार्फत सार्वजनिक गरिएको हो।

# 'मितज्यू'को ट्रेलरमा दुई मितको लडाइँ



आधुनिकताको बढ्दो प्रवेशसँगै नेपालमा मित लगाउने चलन (रगतको नाता नभएका दुई व्यक्तिबीच आजीवन मित्रताको गाँठो कस्ने परम्परा) हराउन थालिसकेको छ। सामाजिक सद्भाव र भाइचाराको सम्बन्ध स्थापित गर्ने यो परम्परा नेपालमा प्रयोगहीन बन्दै गइरहेका बेला फिल्म 'मितज्यू' भने यही विषयमा आधारित भएर निर्माण भएको छ।

जेठ ८ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्मको सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच ट्रेलर सार्वजनिक गरिएको छ। ट्रेलरले फिल्मको कथावस्तुबारे संक्षिप्तमा प्रकाश पारेको छ । पेसाले चालक रहेका दुई मितबीचको मित्रता र झगडालाई ट्रेलरमा रोचक शैलीमा देखाइएको छ। पारिवारिक सम्बन्धमा आउने उतारचढावलाई पनि फिल्मले प्रस्तुत गर्ने ट्रेलरले संकेत गर्छ।

यस फिल्ममा दयाहाङ राई, सौगात मल्ल, पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, खड्गबहादुर पुन, अनुषा राईलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । यही फिल्मबाट चर्चित डान्सर टेरिया फौजा मगरले अभिनेत्रीको रूपमा डेब्यू गरेकी छन् । ट्रेलरमा उनको अभिनय सशक्त देखिएको छ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्मका लगानीकर्ता जनक घर्ती मगर हुन्। यसअघि अनिल र जनकले 'घरज्वाइँ'मा सहकार्य गरेका थिए, जुन व्यावसायिक रूपमा सफल भएको थियो । जीएम मुभिज प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा महेश राईको लेखन, शिशिर बिशंखेको छायांकन तथा लोकेश बज्राचार्यको सम्पादन रहेको छ।

# 'मन बिनाको धन २'मा नीता नहुने, पूजा भित्रिइन्

अघिल्लो वर्ष प्रदर्शनमा आएको फिल्म 'मन बिनाको धन'को सिक्वेल बन्ने भएको छ । संगीतकार तथा निर्देशक टंक बुढाथोकीले आइतबार अभिनेत्री पूजा शर्मालाई मुख्य भूमिकामा अनुबन्धित गर्दै 'मन बिनाको धन २'को औपचारिक रूपमा निर्माण घोषणा गरेका हुन् । फिल्मको अघिल्लो भागमा भने नीता ढुंगानाले मुख्य भूमिकामा अभिनय गरेकी थिइन् ।

फिल्ममा अनुबन्धित भएपछि पूजाले कथावस्तु र आफ्नो भूमिका मन परेका कारण काम गर्न तयार भएको बताइन् । फिल्मको कथावस्तु पारिवारिक रहेको उनको भनाइ छ । यही वैशाख अन्तिमबाट ' महाराजधिराज'को छायांकनमा जोडिन लागेकी उनी आगामी भदौमा 'मन बिनाको धन २'लाई समय दिने योजनामा छिन् ।



'मन बिनाको धन' संगीतकार बुढाथोकीको चर्चित गीतमध्ये एक हो । यस गीतलाई अहिलेसम्म युट्युबमा तीन करोडभन्दा बढी पटक हेरिसकिएको छ । यो बाल गायक अशोक दर्जीको पहिलो गीत समेत हो । यही नामको फिल्ममा पनि अशोक मुख्य भूमिकामा थिए । सिक्वेलमा भने उनको अभिनयबारे कुनै जानकारी गराइएको छैन ।

गत वर्ष 'जारी २' जस्तो फिल्मसँग प्रतिस्पर्धाका बाबजुद पनि 'मन बिनाको धन'ले बक्स अफिसमा लगभग ४ करोडको व्यापार गरेको थियो । फिल्मले व्यावसायिक सफलता हासिल गरेपछि टंकले यसको दोस्रो भाग बनाउन लागेका हुन् । फिल्मको निर्देशन उनी आफैंले गर्नेछन् भने विष्णु माया मैनालीले निर्माण गर्नेछिन् । फिल्ममा शिवम् अधिकारीको लेखन रहेको छ ।


# 'चिरञ्जीवी भवः'को मुहूर्त, हरिवंशदेखि प्रशंसासम्म देखिँदै

गत वर्ष सर्वाधिक कमाइको रेकर्ड बनाएको फिल्म 'परान'का निर्देशक दीपक प्रसाद आचार्य (काकु)को नयाँ फिल्म 'चिरञ्जीवी भवः'को शुभ मुहूर्त गरिएको छ । सोमबार बिहान निर्माण टिमले प्राविधिक र मुख्य कलाकारहरूको उपस्थितिमा ललितपुरको पाटनमा अवस्थित बंगलामुखी मन्दिरमा स्क्रिप्ट र क्यामरा पूजा गर्दै फिल्मको मुहूर्त गरेको हो ।

सो अवसरमा फिल्मका मुख्य कलाकार हरिवंश आचार्यले मुहूर्त सट दिएका थिए । त्यसबेला उनले बोलेको संवाद फिल्मको नामसँग सम्बन्धित थियो । उनलाई निर्माण टिमले यसै साता फिल्ममा अनुबन्धित गरेको हो । यसमा उनीसँगै आशीर्वाद क्षेत्री र प्रशंसा रायमाझीको पनि मुख्य भूमिका रहनेछ । चर्चित कन्टेन्ट क्रिएटर प्रशंसाले यही फिल्मबाट डेब्यू गर्दैछिन् ।

जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको संयुक्त ब्यानरमा निर्माण हुने यस फिल्ममा प्रियंका कार्की, सुवर्ण थापा, कमलमणि नेपाल, सरोज अर्याल, हरिष निरौला (कक्रोज), सुमन कार्की, सुस्मिता कुँवरलगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । फिल्मले हजुरबुबा र नातीको भावनात्मक सम्बन्धको कथा पेस गर्ने जनाइएको छ ।

उमेशकुमार बराल निर्माता रहेको फिल्ममा कलाकार गजित विष्ट र शैलेश खत्री कार्यकारी निर्माताका रूपमा छन् । फिल्मको कथा कुमार कट्टेलको हो भने पटकथा तथा संवाद सविन अधिकारी र वसन्त न्यौपानेले तयार पारेका छन् । जेठ १५ गतेबाट छायांकन सुरु हुने यस फिल्मलाई माघे संक्रान्तिको अवसर पारेर माघ १ गते रिलिज गर्ने लक्ष्य राखिएको छ ।




# सुशील र न्यान्सीले सुरु गरे 'अक्षरा'को छायांकन



अभिनेता सुशील सिटौला र अभिनेत्री न्यान्सी खड्काको मुख्य भूमिका रहने फिल्म 'अक्षरा'को छायांकन सुरु भएको छ । आइतबार काठमाडौंबाट फिल्मको औपचारिक रूपमा छायांकन थालिएको हो । केही दिनअघि काठमाडौंको गुह्येश्वरी मन्दिरमा शुभ मुहूर्त गर्दै फिल्मको निर्माण प्रक्रिया अगाडि बढाइएको थियो ।

फिल्मको छायांकन तालिका एक महिनाको राखिएको छ । निर्देशक पौडेलले सम्पूर्ण तयारी र गृहकार्यपछि छायांकन सुरु गरिएको जानकारी दिए । उनले भने, 'हामीले कथाको मागअनुसार पटकथा र संवादमा पर्याप्त मिहिनेत गरेका छौं । कलाकारहरूलाई पनि एक साता कार्यशाला गराएर छायांकन थालेका हौं । फिल्मले दर्शकलाई निराश बनाउने छैन ।'

क्षित बाबु प्रोडक्सन हाउसको प्रस्तुतिमा बन्ने यस फिल्ममा सुशील र न्यान्सीसहित सुशील पोखरेल, पुष्कर राउत, रिस्ता अधिकारी, अंशु महर्जन, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, रोनक खड्का, प्रीसा ढुङ्गानालगायतका कलाकारहरूको अभिनय रहनेछ । '१२ गाउँ'बाट डेब्यू गरेकी न्यान्सीको यो दोस्रो फिल्म हो ।

फिल्मका कार्यकारी निर्माता सुरज थापाकाजी हुन् भने निर्मातामा उग्रसेन ढुङ्गाना र सुग्रसेन ढुङ्गाना रहेका छन् । अभिमन्यु निरवीले फिल्मको पटकथा तथा संवाद तयार पारेका हुन् । दिपेन बस्न्यातले छायांकन गर्ने फिल्ममा कोरियोग्राफी रामजी लामिछाने र द्वन्द्व निर्देशन शंकर महर्जनको रहनेछ । फिल्मलाई तीजको छेको पारेर भदौ २६ गतेदेखि प्रदर्शन गरिँदैछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४०,
२०८३ साल वैशाख २९ गते मंगलबार
12 MAY 2026, TUESDAY

## यातायात विषेश

# इन्धन संकटले अफ्रिकी मुलुकमा इभी क्रान्ति



काठमाडौं- इथोयोपियासहित अफ्रिकी देशहरूमा विद्युतीय सवारी साधन (इभी) को प्रयोग तीव्र रूपमा बढिरहेको छ । महँगो इन्धन र आपूर्तिको संकटका कारण धेरै अफ्रिकी देशहरू सस्तो र सफा यातायाततर्फ आकर्षित भइरहेका छन् । विशेषगरी इथियोपिया यस परिवर्तनको अगुवामा देखिएको छ ।

चीनको वाणिज्य मन्त्रालयको तथ्यांकअनुसार अफ्रिकाले २०२५ मा चीनबाट ४४ हजार ३५८ वटा विद्युतीय सवारी आयात गरेको छ । २०२४ मा यो संख्या १९ हजार ३८६ थियो । दुई सय मिलियन डलरभन्दा बढी मूल्यका यी सवारीहरूले अफ्रिकामा इभीको माग तीव्र रूपमा बढिरहेको संकेत गरेका छन् ।

यसमा इथियोपियाको भूमिका प्रमुख छ । उसले २०२४ मा पेट्रोल र डिजेलबाट चल्ने नयाँ गाडी आयातमा प्रतिबन्ध लगाएपछि इभी प्रयोग झन् बढेको हो । अहिले इथियोपियाका सडकमा एक लाख १५ हजारभन्दा बढी विद्युतीय सवारी गुडिरहेका छन्, जुन देशको कुल सवारी संख्याको करिब ८ प्रतिशत हो । २०२५ मा इथियोपियाले अफ्रिकाले चीनबाट आयात गरेका इभीमध्ये एकतिहाइ हिस्सा आयात गरेको थियो । त्यसपछि दक्षिण अफ्रिका, इजिप्ट, मोरोक्को र नाइजेरिया प्रमुख बजारका रूपमा छन् ।

इरान-इजरायल, अमेरिका द्वन्द्व लामो बन्दै जाँदा इथियोपियामा इन्धन अभाव बढेको छ । यसले यातायात र दैनिक जीवनमा असर पारेको छ । त्यसैले सरकारले महँगो तेल आयात घटाएर ऊर्जा सुरक्षालाई बलियो बनाउने उद्देश्यसहित इभी प्रयोगलाई प्राथमिकता दिएको छ ।

इथियोपियाले वार्षिक करिब ४.२ अर्ब डलर बराबरको इन्धन आयात गर्छ, जसले विदेशी मुद्रा सञ्चितिमा ठूलो दबाब पारिरहेको छ । व्यापार तथा क्षेत्रीय एकीकरण मन्त्री कसाहुन गोफेले देशले हरेक महिना करिब १२८ मिलियन डलर इन्धन अनुदानमा खर्च गरिरहेको बताएका छन् । उता, स्ट्रेट अफ होर्मुजमा अवरोधका कारण इन्धन आपूर्ति प्रभावित हुँदा १ लाख ८० हजार मेट्रिक टनभन्दा बढी इन्धन अपुग भएको पनि उनले उल्लेख गरेका छन् ।

दक्षिण अफ्रिकास्थित संस्था 'द इलेक्ट्रिक मिसन' का कार्यकारी निर्देशक हितेन परमारका अनुसार इथियोपियाको इभी रणनीति दीर्घकालीन रूपमा दिगो देखिन्छ । उनका अनुसार आयातित इन्धनको सट्टा स्वदेशमै उत्पादित बिजुली प्रयोग गर्दा ऊर्जा सुरक्षा मजबुत हुन्छ । इथियोपियाको अर्को विशेषता भनेको त्यहाँको ९० प्रतिशतभन्दा बढी विद्युत् नवीकरणीय स्रोतबाट उत्पादन हुनु हो । मुख्य रूपमा जलविद्युत् र सौर्य ऊर्जामा आधारित यो प्रणालीलाई इथियोपियाली ठूलो जलविद्युत परियोजना ग्रान्ड इथियोपियन रेनैसेन्स ड्यामले अझ बलियो बनाउने अपेक्षा गरिएको छ । यो अफ्रिकाकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो । यद्यपि यस परियोजनालाई लिएर इजिप्ट र सुडानसँग पानीको विषयमा लामो विवाद पनि चलिरहेको छ ।

विशेषज्ञहरूका अनुसार इभी प्रयोग बढ्दै जाँदा इन्धन आयातमा हुने ठूलो खर्च अन्य विकासका क्षेत्रमा प्रयोग गर्न सकिन्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार विश्वभर इभी प्रयोगका कारण २०२४ मा दैनिक १० लाख ब्यारेलभन्दा बढी तेलको खपत घटेको थियो ।

अफ्रिकाका अन्य देशहरूले पनि इभी तर्फको यात्रा सुरु गरिसकेका छन् । इजिप्ट, दक्षिण अफ्रिका र मोरक्कोले सरकारी प्रोत्साहन, उत्पादन क्षमता विस्तार र स्वच्छ ऊर्जा लगानीमार्फत इभी प्रयोग बढाइरहेका छन् ।

अफ्रिका इ-मोबिलिटी एलायन्सका नीति तथा लगानी प्रमुख बब वेसोंगाका अनुसार अहिले इथियोपियामा एक लाखभन्दा बढी सवारीधनी इन्धन मूल्य वृद्धिको प्रत्यक्ष असरबाट जोगिएका छन् । उनका अनुसार निजी इभी प्रयोगकर्ताले महिनामा करिब ४ डलर मात्र चार्जिङमा खर्च गर्छन्, जबकि पहिले इन्धनमा करिब २७ डलर खर्च हुन्थ्यो । सार्वजनिक यातायातमा त यो बचत अझ धेरै देखिएको छ ।

तर इभी विस्तारसँगै चुनौती पनि छन् । चार्जिङ स्टेशन र विद्युत् वितरण पूर्वाधार अझै पर्याप्त छैन । राजधानी अदीस अबाबामा तीव्र चार्जिङ स्टेशन निर्माण भइरहेका भए पनि देशभर विस्तार गर्न समय र ठूलो लगानी आवश्यक पर्ने बताइएको छ ।

विशेषज्ञहरूका अनुसार विद्युत् उत्पादन पर्याप्त भए पनि दुर्गम क्षेत्रमा भरपर्दो रूपमा बिजुली पुऱ्याउनु सबैभन्दा ठूलो चुनौती हो । बारम्बार हुने विद्युत् कटौती र उच्च क्षमताका चार्जिङ स्टेशन जडानमा ढिलाइका कारण आवश्यक पूर्वाधार विस्तार सुस्त बनेको छ ।

इथियोपिया आफ्नै इभी उद्योग निर्माण गर्ने योजनामा पनि छ । सरकारी तथ्यांकअनुसार अहिले १७ वटा इभी एसेम्बली प्लान्ट निर्माणको प्रक्रियामा छन् र २०३० सम्म यो संख्या ६० पुऱ्याउने लक्ष्य राखिएको छ । तर मूल्य अझै ठूलो चुनौती बनेको छ । सञ्चालन खर्च कम भए पनि अधिकांश नागरिकका लागि इभी खरिद मूल्य अझै महँगो छ। साथै पेट्रोल-डिजेल गाडीमा प्रतिबन्ध लागेपछि पुराना गाडीको मूल्य समेत बढेको छ, जसले निम्न तथा मध्यम वर्गलाई थप दबाब पारेको बताइन्छ।

विशेषज्ञहरूका अनुसार राष्ट्रिय स्तरमा सवारी प्रणाली परिवर्तन क्रमिक रूपमा हुन्छ । पेट्रोलियमबाट चल्ने सवारी अझै केही समय प्रयोगमा रहनेछन् ।




### सातौं महाधिवेशनबाट निर्वाचित कार्यसमिति ।

केन्द्रिय/प्रदेश, वर्गिय निर्वाचित समिति-

**अध्यक्ष** पुण्य प्रसाद सिटौला, **वरिष्ठ उपाध्यक्ष** सानु काजी प्रजापति, एन कुमार साही, केदार प्रसाद पौडेल **उपाध्यक्ष** चन्द्रा ओझा, डम्बर राज पन्त, आत्माराम थापा, कान्छा राम थिङ, कान्छा मान वल, जित बहादुर भारती, राम प्रसाद सुवेदी, यादवलाल श्रेष्ठ, **महासचिव** डेगनाथ गौतम, **उप-महासचिव**, देविन श्रेष्ठ, भानुभक्त बराल, पुरुषोत्तम सिखंडा, **सचिव** उमेश के.सी., चेत प्रसाद गौतम (अर्जुन), टंक प्रसाद वस्याल, **कोषाध्यक्ष** राजेन्द्र आचार्य, **सह-कोषाध्यक्ष** शोभाखर पौडेल, **केन्द्रिय सदस्य (खुला)**,समिक्षा गुरुङ्ग, अर्जुन श्रेष्ठ, गोपाल कार्की, दीपक बोहोरा, अशोक कुमार चौधरी, प्रकाश तिवारी, कृष्ण प्रसाद सुवेदी, पदम राज सापकोटा, गणेश राज पाण्डे , गणेश बहादुर गुरुङ्ग, हरिभक्त श्रेष्ठ, टेकेन्द्र राइ, भुपेन्द्र खड्का, हेमराज दाहाल **महिला केन्दीय सदस्य काठमाण्डौं उपत्यका भित्र** बिनिता बस्नेत निर्विरोध, रेनुका भट्ट निर्विरोध **महिला केन्दीय सदस्य काठमाण्डौं उपत्यका बाहिर** रञ्जना बर्तोला, **प्रदेश केन्द्रीय सदस्य (कोशी)** कृष्ण काफ्ले, **प्रदेश केन्द्रीय सदस्य (बागमती)निर्विरोध,** युवराज न्यौपाने, **उपत्यका भित्र पद** हरि बहादुर अधिकारी, **उपत्यका बाहिर पद** रन्जना बर्तौला, **प्रदेश केन्द्रीय सदस्य (गण्डकी)प्रदे** गुणनिधी काफ्ले, **प्रदेश केन्द्रीय सदस्य (कर्णाली)** दिपेन सिंह, **प्रदेश केन्द्रीय सदस्य** (सु.प.) विष्णु प्रसाद कँडेल **वर्गीय संयोजक (बस)निर्विरोध** श्री श्रेष्ठ, **वर्गीय केन्द्रीय सदस्य (बस)निर्विरोध** रमेश प्रसाद उप्रेती, **वर्गीय संयोजक (मिनीबस) (पद १ मात्र)निर्विरोध** बाबुकाजी छु, **वर्गीय केन्द्रीय सदस्य (मिनीबस)** ज्ञानेन्द्र महर्जन (पसी), **वर्गीय संयोजक (ट्रक, ट्रिपर, हेभी इक्युपमेन्ट)** दिलबहादुर श्रेष्ठ, **वर्गीय केन्द्रीय सदस्य (ट्रक) (पद १ मात्र)निर्विरोध** खड्क बहादुर बुढा, **वर्गीय केन्द्रीय सदस्य (ट्रिपर)** सन्दिप कुमार सिंह, **वर्गीय संयोजक (हलुका मालवाहक)क्लास (हल्का कार्गो सवारी साधन)** भुवन भुसाल, प्रकाश मणि तिवारी, **वर्गीय के.स. (ट्याक्सी उपत्यका मित्र)** याम बहादुर कार्की, **वर्गीय के.स. (ट्याक्सी उपत्यका बाहिर)** भोज बहादुर थापा, **वर्गीय संयोजक (जिप)** रविन्द्र मान श्रेष्ठ, **वर्गीय केन्द्रीय सदस्य (जिप)** उत्तम केसी, **वर्गीय संयोजक (तीन पाङ्ग्रे टेम्पो)निर्विरोध** राम प्रसाद घिमिरे, **कक्षा के.एस. (तीन-खुट्टे टेम्पो)** नवराज घिमिरे, रामहरी न्यौपाने, **वर्गीय संयोजक (माइक्रोबसः ग्यास, डिजेल, पेट्रोल)** नर बहादुर रानामगर, **कक्षा के.एस. (माइक्रोबसः ग्यास)** किरण कुवाँर, कक्षा केएस, भरत बस्नेत, **कक्षा के.एस. (पर्यटक सवारी)** किशन कुमार रोक्का, **वर्गीय संयोजक (पानी ट्यांकर)** गोकर्ण राज खड्का, **क्लास केएस (पानी ट्याक्तर)** राकेश महर्जन, **वर्गीय संयोजक (मिनी ट्रक)** मनोज विश्वकर्मा, **क्लास केएस (मिनी ट्रकहरू)** सत्य नारायण सुवाल, **क्लास केएस (ट्रयाक्टर-पावर ट्रेलर)**, **वर्गीय संयोजक (पर्यटक)**, कृष्णहरी पुडासैनी, कक्षा के.एस. (सहयोगी), राम शरण सापकोटा




| | |
|---|---|
| चुक्ता पूँजी | रू. १५ अर्ब ५० करोड |
| कर्जा | रू. १ खर्ब ७७ अर्ब |
| निक्षेप | रू. २ खर्ब १६ अर्ब |
| शाखा सञ्जाल | २०० |
| ग्राहक संख्या निक्षेप | २० लाख ११ हजार |


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार